वैदेशिक रोजगार व्यवसायीका समस्या समाधानका लागि... पृष्ठ ३ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ •अंक २१ • २०८१ साल जेठ २७ गते आइतबार (9 Jun, Sunday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

# सरकारले ल्याएको बजेट मधेश विरोधी र पूर्वाग्राही : अध्यक्ष यादव

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले आफूहरूको पार्टी विभाजन नभएको बताएका छन् ।

जनकपुरधाममा शनिबार प्रेस मञ्च नेपालले आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै अध्यक्ष यादवले जसपा नेपाल विभाजन नभएको दाबी गरेका छन् ।

पूर्वउपप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष यादवले राज्यको स्रोत, साधन र शक्ति प्रयोग गरेर केही सांसदहरूलाई चोइट्याइए पनि पार्टी यथावत् रहेको बताए । केही नेताहरूलाई राज्यले मोहरा बनाएर चोइटाउनुलाई विभाजन भन्न नमिल्ने उनको भनाइ छ ।

उनले कुनै राजनीतिक तथा सैद्धान्तिक मतभेद नभएको भन्दै मन्त्री बन्न र धन कमाउन नेताहरू चोइटिएको अरोप लगाए । निर्वाचन आयोगलाई समेत घोक्र्याएर जनता समाजवादी पार्टी एकै दिनमा दर्ता गरिएको उनले बताए । अध्यक्ष यादवले भने, 'स्रोत, साधनको दुरुपयोग गरेर, निर्वाचन आयोगलाई समेत घोक्रेठ्याक लगाएर राती निवेदन दिने अनि बिहानै दर्ता गर्ने यस्तो नेपालको इतिहासमा कहिल्यै भएको थिएन । घोक्र्याएर पार्टी फुटाइयो भनेर जुन प्रचार गरियो त्यो अत्यन्त निन्दनीय र गलत कार्य हो ।' उनले आगामी दिनमा संघीयता तथा समावेशिता पक्षधर हरूसँग सहकार्य र गठबन्धन हुनसक्ने बताए । अध्यक्ष उपेन्द्र यादवले भारतसहित ११ देशका राजदूतलाई फिर्ता बोलाएर सरकारले देशको अन्तर्राष्ट्रिय स्तरमा छवि बिगारेको टिप्पणी गरे । उनले विभिन्न देशबाट राजदूत फिर्ता बोलाउने सरकारको निर्णयको आपत्तिजनक रहेको भन्दै विरोध गरे ।

अध्यक्ष यादवले भने, 'कतिपय मुलुकमा हाम्रो देशको लागि लाजमर्दो अवस्था छ । भोलि भारतको प्रधानमन्त्रीको शपथ ग्रहण समारोहमा निम्तो पाएर प्रधानमन्त्री जाने र राजदूतलाई एक दिन अगाडि फिर्ता बोलाउने ? यो भनेको अत्यन्तै गलत हर्कत हो । देशलाइ नै बेइज्जत गराउने काम सरकारले गरेको छ ।' उनले अघि थप्दै भने, 'राजदूत फिर्ता बोलाउने सरकारको निर्णय कूटनीतिक मर्यादाविपरीत रहेको छ । देशको अन्तर्राष्ट्रिय छवि बिगार्ने कामभएको छ । यो गलत हो । हाम्रो पार्टी यसको विरोध गर्छ ।' उनले सरकारले ल्याएको बजेट आग्रह पूर्वाग्रहबाट प्रेरित रहेको आरोप लगाए । अध्यक्ष यादवले सरकारले ल्याएको अहिलेको बजेट तराई-मधेश विरोधी र पूर्वाग्रही रहेको बताए । सरकारको बजेट मधेश र मधेशीको विकासलाई आफ्नो विकास नमान्ने गरेको आरोप पनि उनले लगाए ।

उनले मधेश प्रदेशको सरकारबाट जसपा नेपाल बाहिरिएको सन्दर्भमा सरकार बन्नु र खस्नु लोकतान्त्रिक प्रक्रिया रहेको बताउँदै राजनीतिमा सरकार बनाउनु र ढाल्नु खेल चलिरहेको बताए । उनले उखु किसान र दुध किसानको रकम यथासिघ्र भुक्तानी गर्नका लागि सरकारसंग आग्रह गरे ।




## नवनियुक्त प्रधानमन्त्री मोदी आज शपथ ग्रहण

**टुडे समाचारदाता**

जनकपुरधाम । भारतको प्रधानमन्त्रीमा नरेन्द्र मोदी नियुक्त भएपछि आइतबार शपथ लिने भएका छन् । राष्ट्रपति द्रौपदी मुर्मूले शुक्रबार साँझ एनडीए संसदीय दलका नेता मोदीलाई प्रधानमन्त्री नियुक्त गरेकी थिइन् ।

एनडीए सांसदहरूको बैठकले मोदीलाई दलको नेता चयन गरेको थियो ।

एनडीएका नेताहरूले संसदीय दलको निर्णय जानकारी गराएपछि राष्ट्रपति मुर्मूले मोदीलाई प्रधानमन्त्रीमा नियुक्त गरेको भारतीय सञ्चार माध्यमहरूले जनाएका छन् ।

नवनियुक्त प्रधानमन्त्री मोदीले आइतबार साँझ ६ बजे शपथ लिने भएका छन् ।

सो शपथ ग्रहण कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल ' प्रचण्ड' भारतको औपचारिक भ्रमणमा जाने छन् ।

प्रधानमन्त्री मोदीको आइतबार नै नयाँदिल्लीमा हुने शपथ ग्रहण समारोहमा सहभागी हुन प्रधानमन्त्री प्रचण्ड त्यसतर्फ जान लागेको जनाएको छ ।

प्रधानमन्त्री मोदीले शपथ लिएपछि प्रधानमन्त्री प्रचण्ड र मोदीबीच आइतबार नै भेटवार्ता हुने कार्यक्रम तय भएको नयाँदिल्लीस्थित नेपाली दूतावासले जनाएको छ ।

## महाधिवेशन कार्यतालिका सार्वजनिक

**टुडे समाचारदाता**

जनकपुरधाम । जसपा नेपालकोप्रथमराष्ट्रियमहाधिवेशन कार्यतालिकासार्वजनिकगरेकोछ। यही जेठ २८ गतेदेखि तीन दिनसम्म जनकपुरधाममा गर्न लागेको महाधिवेशनमा अहिलेसम्ममा केन्द्रका नेताहरूमा नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र नेकपा महासचिव नेत्रविक्रम चन्द्र विप्लव महाधिवेशनमा आउने निश्चित भएको छ ।

नेकपा एमाले अध्यक्ष केपी ओली, प्रधानमन्त्री तथा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र जनमत पार्टीका अध्यक्ष सिके राउतलाई निमन्त्रणा पठाइएको बताए । फागुन २३ मा जसपा नेपाल विभाजन गरेका अशोक राई समूहलाई भने महाधिवेशनमा नबोलाइएको प्रवक्ता सुमनले बताए । जसपा नेपालको केन्द्रीय समितिको निर्वाचन यही जेठ ३० गते हुने छ । जसपा नेपालको प्रतिनिधि तथा पर्यवेक्षकहरुको रजिष्ट्रेशन कार्य आइतबारदेखि सुरु भएको छ । महाधिवेशनमा सहभागी हुने मधेश प्रदेशका प्रतिनिधि तथा पर्यवेक्षकहरुले जेठ २६ र २७ गते बेलुकी पाँच बजेसम्म दर्ता गरीसक्नु पर्ने जनाइएको छ। जसपा, नेपालको केन्द्रीय निर्वाचन समितिले प्रतिनिधि तथा पर्यवेक्षकका लागि दर्ता शूल्क एक हजार पाँच सय रुपैयाँ निर्धारण गरिएको छ । त्यस्तै दुई प्रति पासपोर्ट साइजको फोटोसमेत माग गरिएको छ ।

सो कार्य तालिकाअनुसार जेठ २८ गते दिनको १ बजे मतदाताको नामावली प्रकाशित, जेठ २९ गते बिहान १० बजेदेखि १२ बजेसम्म उम्मेदवारको मनोनयन दर्ता हुने जसपा नेपालका केन्द्रीय प्रचार प्रसार तथा प्रकाशन विभाग प्रमुख पूर्ण बस्नेतले बताए ।

जेठ २९ गते नै १२ बजेदेखि २ बजेसम्म मनोनयपत्र माथि पर्ने दाबी विरोध दर्ता गर्ने, जाँचबुझ गर्ने कार्य हुने र त्यसै दिन ४ बजेसम्म सोउपर निर्णय गरिने छ। जेठ ३० गते बिहान ८ बजेदेखि साँझ ५ बजेसम्म मतदान कार्य हुनेछ भने जसपा नेपाल केन्द्रीय समितिको निर्वाचन समापन पछि सबै पदको लागि मतगणना एकै पटक हुने उनले बताए ।

## विभिन्न देशलाई जसपा नेपालको निम्तो

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी नेपालको एकता महाधिवेशनमा विभिन्न देशबाट पाहुनाहरुलाई निम्तो दिएको जनाएको छ। जेठ २८ गतेदेखि मधेश प्रदेशको राजधानी जनकपुरधाममा सुरु हुने एकता महाधिवेशनमा सहभागी हुन मलेसिया, अजरबैजान, स्पेन र इण्डानेसियाबाट आउने अतिथि काठमाण्डु आइपुगेको जसपा नेपालले जनाएको छ ।

भारतबाट आउने अतिथिहरू भने बिहारको दरभंगासम्म आउने र त्यहाँबाट सडक मार्ग हुँदै जनकपुरधाम आउने जसपा नेपालका विदेश विभाग प्रमुख अर्जुन थापाले जानकारी दिए । मलेसियाको डेमोक्रेटिक एक्सन पार्टीका युवा नेता नुर रहिम बिन निसार, भारतीय समाजवादी पार्टीका नेता एवम् सामाजिक चिन्तक डा.सुनिलम महाधिवेशनमा आतिथ्यताका लागि निम्त्याइएको उनले बताए । त्यस्तै स्पेनिस सोशलिस्ट वर्कर पार्टीका अन्तर्राष्ट्रिय संयोजक रिकार्ड टोरेल, भारतका सोशलिस्ट पार्टीका प्रवक्ता मनिस सिंह, राष्ट्रिय जनता दलका प्रवक्ता आलोक मेहता, भारतीय कांग्रेसका नेता बीआर पाटिल र सोही पार्टीका प्रवक्ता उदित राजसमेतलाई आतिथ्यताका लागि निम्त्याइएको उनले बताए ।

त्यस्तै अजरबैजान पार्टीका सांसद स्माइलोभ शाहिन, प्रोग्रेसिभ एलाइन्स र सोसल डेमोक्रेटिक एलाइन्सका प्रतिनिधि पनि महाधिवेशनमा आतिथ्यताका लागि सहभागी हुने उनले बताए । चिनियाँ कम्युनिस्ट पार्टीका प्रतिनिधिलाई निम्त्याए नआउने जानकारी दिँदै उनले सो पार्टीले जसपालाई महाधिवेशन सफलताको शुभकामना सन्देश पठाएको बताए । नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, लोसपा नेपाल, राप्रपालगायतका दललाई पनि निमन्त्रणा पठाइएको छ ।






# पाँच वर्षभित्र अर्थतन्त्रको आकार १०३ खर्ब पुर्याउन ११२ खर्ब लगानी आवश्यक

काठमाण्डु। सोह्रौँ पञ्चवर्षीय आवधिक योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६)ले आगामी पाँच वर्षभित्र मुलुकको अर्थतन्त्रको आकार रु एक सय तीन खर्ब हाराहारी पुर्याउन करिब रु एक सय १२ खर्ब लगानी आवश्यक पर्ने देखाएको छ।

चालु आव २०८०/८१ मा मुलुकको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) उपभोक्ता मूल्यमा रु ५७ खर्ब पाँच अर्ब पुग्ने अनुमान गरिएको छ । सोह्रौँ पञ्चवर्षीय आवधिक योजनाले राखेको लक्ष्यअनुसारको वृद्धिदर हासिल भई मुलुकको अर्थतन्त्र विस्तार हुँदा योजनाको अन्तिम वर्ष जिडिपीको आकार एक सय खर्ब नाघ्नेछ । पाँच वर्षपछि अर्थात् आव २०८५/८६ मा जिडिपीको आकार गत आव २०७९/८० को मूल्यमा रु ८० खर्ब १९ अर्ब ७६ करोड र प्रचलित मूल्यमा रु एक सय तीन खर्ब सात अर्ब ३२ करोड पुग्ने अनुमान गरिएको छ।

यसरी पाँच वर्षभित्र अर्थतन्त्रको आकार एक सय खर्ब नाघ्ने सरकारी लक्ष्य भेट्टाउन जिडिपीको आकारभन्दा ठूलो लगानी आवश्यक पर्नेछ । "सोह्रौँ योजना अवधिमा आधार भूत मूल्यमा औसत सात दशमलव एक प्रतिशतको आर्थिक वृद्धिदरको लक्ष्य हासिल गर्न कुल स्थिर पुँजी लगानी आव २०८०/८१ को मूल्यमा रु ९४ खर्ब ८२ अर्ब ६६ करोड आवश्यक पर्ने अनुमान गरिएको छ", सौह्रौँ योजनामा भनिएको छ, "समग्र लगानीलाई प्रचलित मूल्यमा परिणत गर्दा योजना अवधिमा कुल रु एक सय ११ खर्ब ८४ अर्ब २३ करोड आवश्यक पर्ने अनुमान छ।"

चालु आवको मूल्यमा आधारित लगानीको अवस्था हेर्दा आगामी पाँच वर्षमा कृषि क्षेत्रमा रु छ खर्ब ६८ अर्ब २५ करोड र गैरकृषि क्षेत्रमा रु ८८ खर्ब १४ अर्ब ४१ करोड लगानी हुने अनुमान गरिएको छ। सोह्रौँ योजनाको प्रक्षेपित आर्थिक वृद्धि हासिल गर्न समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै सरकारी, निजी र सहकारी क्षेत्रको लगानी परिचालन गर्ने लक्ष्य सरकारले राखेको छ।

सोह्रौँ योजना कार्यान्वयन अवधिमा हुने कुल लगानीमध्ये सार्वजनिक क्षेत्रबाट रु २८ खर्ब ६३ अर्ब ७६ करोड, निजी क्षेत्रबाट रु ६३ खर्ब ७२ अर्ब ३५ करोड र सहकारी तथा सामुदायिक क्षेत्रबाट रु दुई खर्ब ४६ अर्ब ५५ करोड लगानी हुने अनुमान गरिएको छ । यो चालु आव २०८०/८१ को मूल्यमा आधारित लगानी हो । प्रचलित मूल्यमा भने यस्तो लगानी सार्वजनिक क्षेत्रबाट रु ३३ खर्ब ७७ अर्ब ६४ करोड, निजी क्षेत्रबाट रु ७५ खर्ब १५ अर्ब ८० करोड र सहकारी क्षेत्रबाट रु दुई खर्ब ९० अर्ब ७९ करोड बराबर रहने अनुमान छ । जसअनुसार कुल लगानीमा सार्वजनिक क्षेत्रबाट हुने लगानी ३० दशमलव दुई, निजी क्षेत्रबाट हुने लगानी ६७ दशमलव दुई र सहकारी क्षेत्रबाट हुने लगानी दुई दशमलव छ प्रतिशत रहनेछ।

आवधिक योजनाले राखेको आगामी पाँच वर्षको अनुमानित लगानीलाई सार्थक बनाउन सरकारी तथा सार्वजनिक संस्थान र निजी क्षेत्रबाट प्राप्त स्रोतहरु परिचालन गर्ने सोह्रौँ योजनामा उल्लेख छ।

"परम्परागत स्रोतहरूबाट मात्र आवश्यक लगानी पूर्ति गर्न अपर्याप्त हुनेहुँदा नयाँ वैकल्पिक स्रोतहरूको समेत पहिचान गरिएको छ र सोहीबमोजिम परिचालन गरिनेछ", सोह्रौँ योजनामा भनिएको छ, "परम्परागत स्रोतको रूपमा सरकारी राजस्व, वैदेशिक सहायता, सार्वजनिक ऋण, निजी क्षेत्रले गर्ने शेयर पुँजी तथा कर्जा लगानी रहनेछन् भने वैकल्पिक स्रोतका रूपमा प्रत्यक्ष वैदेशिक लगानी, सार्वजनिक-निजी साझेदारी, मिश्रित लगानी, आयोजना विकास ऋणपत्र, प्राकृतिक स्रोतको भण्डारबाट आय प्रवाह, हरित वित्त परिचालन, जलवायु वित्त, कार्वन कर र विभिन्न सार्वजनिक संस्थानका कोषमा रहेको स्रोत परिचालन हुनेछन्।"




आगामी पाँच वर्ष अवधिमा प्राथमिक क्षेत्रको मूल्य अभिवृद्धि रु १५ खर्ब १६ अर्ब ७३ करोड, द्वितीय क्षेत्रको रु १० खर्ब ८१ अर्ब ९६ करोड र तृतीय क्षेत्रको रु ४५ खर्ब तीन अर्ब नौ करोड तथा समग्र मूल्य अभिवृद्धि रु ७१ खर्ब एक अर्ब ७८ करोड पुग्ने अनुमान गरिएको छ । त्यस्तै, सोह्रौँ योजना अवधिमा मुद्रास्फीति दर पाँचदेखि छ प्रतिशतको बीचमा कायम गर्ने लक्ष्य राखिएको छ।

यो अवधिमा उद्योग र सेवा क्षेत्रमा उच्च मूल्य अभिवृद्धिको कारण अर्थतन्त्रमा उल्लेखनीय संरचनात्मक परिवर्तन हुने अनुमान गरिएको छ । सोह्रौँ योजनाको अन्तिम वर्ष जिडिपीमा प्राथमिक क्षेत्रको योगदान २४ दशमलव छ प्रतिशतबाट २१ दशमलव चार प्रतिशतमा झर्ने अनुमान गरिएको छ। त्यस्तै, द्वितीय क्षेत्रको योगदान १२ दशमलव पाँच प्रतिशतबाट वृद्धि भई १५ दशमलव दुई प्रतिशत पुग्ने अनुमान गरिएको छ । सेवा क्षेत्रको योगदान पनि ६२ दशमलव नौ प्रतिशतबाट बढेर ६३ दशमलव चार प्रतिशत पुग्ने अनुमान छ । यसबाट प्राथमिक क्षेत्रको तुलनामा द्वितीय क्षेत्रको विस्तार अधिक हुने र कृषि क्षेत्रमा आश्रित श्रमशक्तिको ठूलो हिस्सा उद्योग र सेवा क्षेत्रमा स्थानान्तरण हुने देखिन्छ।

सोह्रौँ आवधिक योजनाले राखेअनुसारको आर्थिक वृद्धिदर कायम भई अर्थतन्त्र विस्तार हुँदा नेपालीहरूको प्रतिव्यक्ति आयमा अहिलेको तुलनामा उल्लेखनीय वृद्धि हुनेछ । हाल विद्यमान जनसङ्ख्या वृद्धिदर सोह्रौँ योजना अवधिमा कायम रहने अनुमानका आधारमा योजनाको अन्तिम वर्ष प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन रु तीन लाख ३१ हजार अर्थात् दुई हजार तीन सय १९ अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ। यसैगरी आव २०८५/८६ मा वर्ष प्रतिव्यक्ति आय दुई हजार तीन सय ५१ डलर पुग्ने अनुमान गरिएको छ।

> यो पाँच वर्ष अवधिको सरकारी खर्च व्यहोर्ने प्रमुख स्रोतको रूपमा संघीय राजस्वले रु ८४ खर्ब ६५ अर्ब १५ करोड योगदान गर्ने अनुमान गरिएको छ ।

अहिले प्रतिव्यक्ति राष्ट्रिय आय एक हजार चार सय ५६ डलर बराबर छ। सोह्रौँ योजना अवधिमा अनावश्यक उपभोग कटौती गरी बचतलाई प्रोत्साहित गर्ने र कुल स्थिर पुँजी निर्माणमा उल्लेख्य बढोत्तरी गर्ने नीति सरकारले लिएको छ । आगामी आवधिक योजना कार्यान्वयनको अन्तिम वर्ष कुल गार्हस्थ्य उत्पादनको अनुपातमा अन्तिम उपभोग खर्च र कुल गार्हस्थ्य बचत क्रमशः ९१ दशमलव पाँच प्रतिशत र आठ दशमलव दुई प्रतिशत रहने प्रक्षेपण गरिएको छ। कुल राष्ट्रिय बचत भने कुल गार्हस्थ्य उत्पादनको ३९ प्रतिशत पुर्याउने लक्ष्य लिइएको छ । यसैगरी, कुल स्थिर पुँजी निर्माण कुल गार्हस्थ्य उत्पादनको २८ दशमलव छ प्रतिशत कायम हुने अनुमान गरिएको छ। कुल स्थिर पूँजी निर्माणमा सरकारी क्षेत्रको ३० दशमव दुई प्रतिशत र निजी तथा सहकारी क्षेत्रसमेतको हिस्सा ६९ दशमलव आठ प्रतिशत रहने अनुमान गरिएको छ।

आगामी पाँच वर्ष अवधिमा रु १२० खर्ब ६३ अर्ब ३२ करोड सरकारी खर्च हुने अनुमान गरिएको छ । यस अनुमानित खर्चमध्ये रु ४५ खर्ब ७१ अर्थ ७९ करोड चालु खर्च, रु २७ खर्ब ७१ अर्ब चार करोड पुँजीगत खर्च, रु २२ खर्ब ५७ अर्ब ७५ करोड वित्तीय व्यवस्था र रु २४ खर्ब ६२ अर्ब ७४ करोड वित्त हस्तान्तरण अर्थात् प्रदेश र स्थानीय तहलाई दिइने अनुदानमा खर्च हुने अनुमान गरिएको छ । यो पाँच वर्ष अवधिको सरकारी खर्च व्यहोर्ने प्रमुख स्रोतको रूपमा सङ्घीय राजस्वले रु ८४ खर्ब ६५ अर्ब १५ करोड योगदान गर्ने अनुमान गरिएको छ।

त्यस्तै, तीन तहमा बाँडफाँट हुने राजस्वसमेत कुल रु ९५ खर्ब ३० अर्ब ६० करोड परिचालन हुने अनुमान गरिएको छ।

योजना अवधिमा रु १७ खर्ब ५२ अर्ब ३० करोड वैदेशिक सहायता प्राप्त हुने अनुमान गरिएको छ । योजना अवधिको राजस्व तथा वैदेशिक सहायता परिचालन गर्दा न्यून हुने अनुमानित रकम रु १८ खर्ब ४२ अर्ब दुई करोड आन्तरिक ऋणबाट व्यहोर्नुपर्ने प्रक्षेपण गरिएको छ।रासस

# चिडियाखानाको जग्गा अतिक्रमणमा




**टुडे समाचारदाता**

वीरगञ्ज। पर्साको वीरगञ्ज महानगरपालिका-३२ रामवनमा निर्माणाधीन चिडियाखाना व्यवस्थित गर्न थालिएको छ। चिडियाखानाको घेरिबार गर्ने काम आधा सकिएको छ। करिब ५० हेक्टर क्षेत्रफलमा निर्माण गर्न लागिएको सो चिडियाखानाको घेरबारको काम ६० प्रतिशत सकिएको छ।

पर्सा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत रामचन्द्र खतिवडाका अनुसार उक्त प्राकृतिक चिडियाखानाको जग्गा अतिक्रमणमा परेको छ । केही स्थानीयले जग्गा अतिक्रमण गरेको उनले बताए । "यसबाट चिडियाखानाको घेरिबार गर्ने काम प्रभावित भएको छ", उनले भने, "सरोकारवाला निकायसँग समन्वय गरेर काम अघि बढाउने योजना बनाएका छौँ ।" चिडियाखाना एक अर्ब सात करोडको लागतमा निर्माण गर्न लागिएको छ।

वि.सं.२०७९ असोजदेखि चिडियाखाना निर्माण थालिएको हो । चिडियाखाना ५० हेक्टर क्षेत्रफलमा फैलिएको छ। वीरगञ्ज महानगरका नगरप्रमुख राजेशमान सिंहले प्रस्तावित चिडियाखानाको अतिक्रमित जग्गा रेखाङ्कन गरी हटाउने प्रक्रिया अघि बढाइने बताए।

बसेको सर्वपक्षीय बैठकले चिडियाखाना रहेको जग्गा अतिक्रमण हटाउन सूचना जारी गरिएको छ।

"चिडियाखानाको सीमाङ्कन गर्न सार्वजनिक र निजी आवादी जग्गा छुट्याउन नापी कार्यालयलाई अनुरोध गरिएको छ।" चिडियाखाना निर्माण गर्न ढिला गर्न नहुने उनको भनाइ छ।

## ठगी गर्ने पक्राउ

**टुडे समाचारदाता**

गौर । रौतहटको यमुनामाई गाउँपलिका वडा नं. २ का विद्यार्थी भिसाम रसिया पठाइदिन भन्दै १० लाखभन्दा बढी रकम ठगी गर्नेलाई प्रहरीले पक्राउ गरेको छ।

रसियन एम्बेसीबाट जारी भएको भनी नक्कली कागजातहरु देखाई विश्वासमा पारी यमुनामाई गाउँपालिका वडा नं. २ बस्ने जीतेन्द्र कुमार यादवसँग १० लाख ७० हजार ७ सय २० रुपैयाँ ठगी गर्नेलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा यमुनामाई गाउँपालिका वडा नं. २ बस्ने २३ वर्षीय राहुल कुमार प्रजापति रहेका छन् । उनलाई अन्य ठाउँमा लुकाछिपी बस्दै आएको अवस्थामा प्रहरीले पक्राउ गरेको प्रहरी नायब उपरीक्षक एलिजा गिरीले बताइन्।

प्रजापतिमाथि ठगी तथा आपराधिक लाभ सम्बन्धी कसुरमा रौतहट जिल्ला अदालतबाट म्याद थप अनुमति लिई अनुसन्धान कार्य भइरहेको प्रहरी नायब उपरीक्षक गिरीले जानकारी दिइन्।

## पोखरीमा डुबेर मृत्यु

टुडे समाचारदाता

जनकपुरधाम। जनकपुरधाममा पोखरीमा डुबेर एक जनाको मृत्यु भएको छ।

जनकपुरधामको जानकी चोकस्थित अंगराजसर सागरमा शनिबार दिउँसो पोखरीमा एक पुरुषको शव डुबेको अवस्थामा स्थानीयले देखेपछि जिल्ला प्रहरी कार्यालय धनुषालाई जानकारी गरेको थियो।

प्रहरीलाई जानकारी गरेको दुई घन्टापछि घटनास्थलमा गोताखोरसहितको प्रहरी टोलीले शवको उद्धार गरेको थियो।

तर सो शवको पहिचान भने खुल्न नसकेको धनुषा प्रहरीले जनाएको छ।

**राहदानी हरायो**

मिति २०८१।०१।२९ गते इनर्वाबाट जनकपुर सम्म जादै गर्दा मेरो निम्न बेहोरा भएको राहदानी हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी तथा निम्म ठेगानामा खबर गरिदिनुहन अनुरोध गर्दछौ।

**नाम : अमरदिप कुमार यादब**
ठेगाना : जनकनन्दनी गाउँपालिका वाड न;-१ इनर्वा धनुषा
**राहदानी नम्बर :४१८७६३३**
**मो.नं.: ९८४०४९९४१६**

# कोशी, वाग्मती र गण्डकी प्रदेशमा वर्षा हुने

काठमाण्डु। कोशी, वाग्मती र गण्डकी प्रदेशमा शनिबार वर्षा हुने सम्भावना रहेको छ। हाल नेपालमा स्थानीय तथा पश्चिमी वायुको प्रभाव रहेकाले ती प्रदेशमा वर्षाको सम्भावना रहेको हो।

जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाका अनुसार काठमाडौं उपत्यकालगायत मुलुकका विभिन्न स्थानमा शनिबार बिहानसम्म हल्का वर्षा भएको छ । अहिले कोशी प्रदेशलगायत देशको पहाडी भू-भागमा आंशिक बदली तथा बाँकी भू-भागमा मौसम मुख्यतया सफा रहेको छ । शनिबार दिउँसो कोशी प्रदेशलगायत देशका पहाडी भू-भागमा मौसम आंशिकदेखि साधारणतया बदली रही बाँकी भू-भागमा आंशिक बदलीदेखि मौसम मुख्यतया सफा रहने महाशाखाले जनाएको छ । कोशी, वाग्मती र गण्डकी प्रदेशका थोरै स्थानमा तथा बाँकी भू-भागका केही स्थानमा मेघगर्जन/चट्याङ्गसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ।

यस्तै लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा हावाहुरीको सम्भावना रहेको महाशाखाले जनाएको छ।रासस

# हिमोफिलियाका बिरामी पहिचानमा समस्या

काठमाण्डु । प्रदेश अस्पतालमा उपलब्ध गराएको उपकरण सञ्चालन नआउँदा हिमोफिलियाका बिरामी पहिचान गर्न समस्या भएको छ । हिमोफिलिया सोसाइटी नेपालले शनिबार आयोजना गरेको पत्रकार सम्मेलनमा दाताका सहयोगमा उपलब्ध गराइएका 'कोगुलोमिटर' उपकरण सञ्चालन नहुँदा हिमोफिलिया बिरामी पहिचान गर्न नसकिएको जानकारी दिइयो।

कोशी अस्पताल, चितवनस्थित भरतपुर अस्पताल, पोखरा स्वास्थ्य तथा विज्ञान प्रतिष्ठान र लुम्बिनी प्रादेशिक अस्पतालमा उपलब्ध गराइएको 'कोगुलोमिटर' उपकरण रिएजेन्टको अभावले सञ्चालन आएका छैनन् । मधेस र कर्णाली प्रदेशमा भने सञ्चालनमा आएका छन्।



सुदूरपश्चिम प्रदेशका सेती प्रादेशिक अस्पतालले भने प्राविधिक अभावले उक्त उपकरण लैजान मानेको छैन । राष्ट्रिय जनगणनाअनुसार चार हजार नौ सय ३७ हिमोफिलियाका बिरामी रहेको तथ्याङ्क रहेपनि अहिले पहिचान गरी उपचारमा आठ सय ७० जना बिरामी रहेको छन्। अहिले काठमाडौँमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, त्रिवि शिक्षण अस्पताल, सिभिल अस्पतालमा हिमोफिलियाका बिरामीको पहिचान गर्न स्क्रीनिङ गरिन्छ। हिमोफिलियाको परीक्षणका लागि रु आठ सयदेखि दुई हजारसम्म लाग्ने गर्दछन् । रगत जमाउने आवश्यक तत्वको कमीको कारणले लामो समयसम्म रक्तस्राव भइरहेन अवस्थालाई हिमोफिलिया भनिन्छ।

हिमोफिलिया एक वंशाणुगत समस्या हो भनेर पनि चिनिन्छ। मानव शरीरमा हुने रगतको १३ वटा तत्वमध्ये कुनै एउटा तत्वको कमीको कारण हिमोफिलिया हुन्छ । यो वंशाणुगत र कोषमा उत्परिवर्तन भएर पनि हुन्छ।

हिमोफिलिया प्रभावित व्यक्तिहरु चोटपटक लाग्न सक्ने स्थानबाट सकभर जोगिनुपर्ने हुन्छ। शरीरमा रगत जमाउने आवश्यक तत्वमध्ये कुनै तत्वको मात्रा एक प्रतिशतभन्दा कम भएका गम्भीर हिमोफिलिया, एकदेखि पाँच प्रतिशतसम्म भएमा मध्यम हिमोफिलिया र पाँच प्रतिशतभन्दा माथि भएका अल्प हिमोफिलिया भनिन्छ।रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु। |
| वृष | : पुरस्कार प्राप्त लाभ। |
| मिथुन | : नयाँ कार्य हुने। |
| कर्कट | : बौद्धिक क्षमता। |
| सिंह | : प्रतिभा सम्पन्नता। |
| कन्या | : शिक्षामा उन्नति। |
| तुला | : पारिवारिक सुख। |
| वृश्चिक | : धन वृद्धि सञ्चय। |
| धनु | : प्रेम प्रसंग, मित्र सुख। |
| मकर | : सुख समृद्धि हुने। |
| कुम्भ | : भ्रमण अवसर हुने। |
| मीन | : अवसर प्राप्त। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



वीरगञ्जस्थित एकीकृत जाँचचौकी जानका लागि लामबद्ध मालवाहक पेट्रोलियम पदार्थ तथा ग्याँसका बुलेट बोकेका मालवहाक सवारीसाधन । एकीकृत जाँचचौकी ११५ विघा क्षेलफलमा फैलिएको छ। *तस्बिर : रासस*

# वैदेशिक रोजगार व्यवसायीका समस्या समाधानका लागि पहल गर्छौं: सभापति देउवा



काठमाण्डु। नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले वैदेशिक रोजगार व्यवसायीका समस्या समाधान गर्न कांग्रेसले पहल गर्ने बताउनुभएको छ।

पार्टीनिकटनेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको नवनिर्वाचित कार्यसमितिसँग शनिबार भएको भेटमा उहाँले वैदेशिक रोजगार व्यवसायीले भोग्नुपरेका समस्या समाधानका लागि कांग्रेसले पहल गर्ने बताउनुभएको हो । सभापति देउवाले समस्याबारे पार्टीले संसद्मा समेत कुरा उठाउने प्रतिवद्धता व्यक्त गर्नुभयो।

एशोसिएसनका अध्यक्ष दीपक थापाले एउटा म्यानपावर कम्पनीले वार्षिक एक सय श्रमिकलाई अनिवार्यरूपमा विदेश पठाउनुपर्ने सरकारको नीतिले समस्या भएको गुनासो गर्दै नीति पुनरावलोकनका लागि पहल गर्न सभापतिसमक्ष आग्रह गर्नुभयो। उहाँले म्यानपावर कम्पनीले बैंक तथा वित्तीय संस्थामा राखेको धरौटी रकम धेरै भएकाले त्यसमा समेत पुनःविचार गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

भेटमा पार्टी उपसभापति पूर्णबहादुर खड्का, पार्टीको वैदेशिक रोजगार समन्वय तथा आप्रवासन विभागका प्रमुख प्रकाश रसाइली स्नेही, कांग्रेस केन्द्रीय सदस्य सीता देवकोटा, कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव एवं राष्ट्रियसभा सांसद कृष्णप्रसाद पौडेललगायतको सहभागिता रहेको थियो ।यसअघि बिहीबार वैदेशिक रोजगार व्यवसायी सङ्घ र विभिन्न पार्टीनिकट व्यवसायी सङ्घसंस्थाले श्रम तथा रोजगारमन्त्री डिपी अर्याललाई भेटेर वैदेशिक रोजगार व्यवसायका क्षेत्रमा देखिएका समस्या र समाधानबारे अवगत गराएका थिए ।रासस

# राष्ट्रसङ्घीय समितिमा नेपालकी राणा निर्वाचित

न्यूयोर्क । महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य सम्बन्धि संयुक्त राष्ट्रसङ्घीय समिति महिलाविरुद्धको विभेद उन्मूलन कमिटी (सिड) को सदस्यमा नेपालकी बन्दना राणा निर्वाचित हुनुभएको छ। उहाँ उक्त पदमा पुनः निर्वाचित हुनुभएको हो।

शुक्रबार अमेरिकाको न्यूयोर्कमा भएको मतदानमा राणा एक सय ४६ मत प्राप्त गर्दै विजयी हुनुभएको हो । उहाँले आगामी सन् २०२५ देखि २०२८ सम्मका लागि कार्यभार सम्हाल्नुहुनेछ । नेपालको तर्फबाट विजयी भएपछि राष्ट्रसङ्घका लागि स्थायी नियोग प्रमुख लोकबहादुर थापाले सदस्य राष्ट्रहरुले गरेको सहयोगका लागि धन्यवाद दिनुभयो।

तेइस सदस्य रहने उक्त समितिले विश्वव्यापी रुपमा महिलाले भोग्नुपरेका समस्या, राष्ट्रसङ्घमा जनाइएका प्रतिबद्धता कार्यान्वयनलगायत महिलाविरुद्ध हुने हरेक प्रकारका विभेदको बारेमा अनुगमन गर्ने गर्छ । उक्त समितिको कार्यालय जेनेभामा रहेको छ ।रासस

# एमालेलाई राष्ट्रिय राजनीतिको निर्णायक शक्तिमा पु-याउनु पर्छ : अध्यक्ष ओली



काठमाण्डु । नेकपा (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले पार्टीलाई राष्ट्रिय राजनीतिको निर्णायक शक्तिका रुपमा विकसित गर्न काठमाडौंका अगुवा र कार्यकर्ताहरुलाई आग्रह गर्नुभएको छ।

एमालेको काठमाडौं जिल्लाको सातौं अधिवेशनको उद्घाटनसत्रलाई शनिबार सम्बोधन गर्दै उहाँले मुलुकका राजनीतिक स्थायित्वसहित विकास र समृद्धिका लागि पार्टीलाई अग्रस्थानमा पु-याउनुपर्छ भन्नुभयो । अध्यक्ष ओलीले काठमाडौंको पार्टी सङ्गठन विभिन्न अवरोह अवरोह पार गर्दै यहाँसम्म आइपुगेको र सङ्कटका घडीमा कार्यकर्ताले पार्टीलाई जोगाएर सुदृढ पार्टीका रुपमा कायम राखेको स्मरण गर्नुभयो । "यद्यपि गत निर्वाचनमा हामीले बहुमत ल्याउन सकेनौं । पार्टीभित्र कतिपय आन्तरिक समस्या र प्रतिनिक्रियावादीका अनेक झुठ र षड्यन्त्रका कारणले बहुमत ल्याउन सकिएन । अबका दिनमा त्यस्ता झुठ र षड्यन्त्रलाई हामीले पराजित गर्न सक्नुपर्छ।''

एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले जिल्लाको पार्टी कामको वस्तुनिष्ठ समीक्षा गर्न प्रतिनिधिलाई आग्रह गर्दै आगामी दिनमा जनमत हासिलमा श्रेष्ठ हुने गरी काम गर्नुपर्ने खाँचो औंल्याउनुभयो। उहाँले हाल पार्टीभित्र नीति र नेतृत्वमा विवाद नभएकाले सकेसम्म सहमतिका आधार र नभएमा स्वच्छ प्रतिस्पर्धाका आधारमा अघि बढ्न सुझाव दिनुभयो।

कार्यक्रममा पार्टीका उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले काठमाडौंका जनताले एमालेलाई अग्रस्थानमा पुऱ्याउनु पर्नेमा जोड दिनुभयो । एमाले काठमाडौं इञ्चार्ज आनन्द पोखरेल र बागमती प्रदेश कमिटीका अध्यक्ष कैलाश ढुङ्गेलले अधिवेशनले पार्टीलाई आगामी निर्वाचनमा श्रेष्ठ हुन सक्ने गरी काम गर्न आग्रह गर्नुभयो । कार्यक्रममा सो जिल्ला कमिटीका यसअघि अध्यक्ष वा सचिव भई नेतृत्व गरेका नेताहरु युवराज कार्की, सुरेन्द्र पाण्डे, कृष्णगोपाल श्रेष्ठ, रामेश्वर फुयाँल, सानुकुमार श्रेष्ठ, निर्मल कुइँकेल, कृष्ण राईलाई सम्मान गरिएको थियो । तीन दिनसम्म चल्ने अधिवेशनमा काठमाडौंका दश पालिकाबाट गरी पाँच सय ८५ प्रतिनिधि सहभागी छन्।

**एमाले काठमाडौंको जिल्ला अधिवेशन सुरू**

नेपाल कम्युनिष्ट पार्टी (एमाले) को काठमाडौं जिल्लाको सातौं अधिवेशन सुरु भएको छ । पार्टीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले अधिवेशनको उद्घाटन गर्नुभएको हो।

अधिवेशन उद्घाटन सत्रमा एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष अष्टलक्ष्मी शाक्य, उपमहासचिव विष्णु रिमाल, स्थायी कमिटी सदस्य कृष्णगोपाल श्रेष्ठ, रघुजी पन्त, काठमाडौं इञ्चार्ज आनन्द पोखरेल, बागमती प्रदेश कमिटीका अध्यक्ष कैलाश ढुङ्गेललगायत नेताहरु सहभागी हुनुहुन्छ।

जिल्ला कमिटीका अध्यक्ष दीपक निरौलाले अधिवेशनमा पाँच सय ८५ प्रतिनिधि रहेको र बन्दसत्र आइतबारदेखि बबरमहलमा हुने जानकारी दिनुभयो ।रासस

# बजेटमाथिको छलफलसँगै विधेयकहरुमा पनि बहस जारी




काठमाण्डु । जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने महत्वपूर्ण संस्था संसद्ले आफ्ना कामकारबाहीलाई यतिखेर निरन्तररुपमा अघि बढाएको छ । मुलुकको सङ्घीय संसद्का पछिल्ला दिनमा आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटको सैद्धान्तिक छलफलका साथै विभिन्न विधेयकमाथिका छलफलले निरन्तरता पाएको छ।

संसदीय शासन प्रणालीमा नीति निर्धारण तथा कानुन निर्माणको कामको व्यवस्थापन संसद्कै कार्यविधिबाट हुन्छ । नीति निर्धारण तथा कानुन निर्माणमा दलहरु तथा सांसदहरुबीचको सघन संवाद र लोकतान्त्रिक विधिको उच्चतम प्रयोगले यी कार्यहरुमा उत्प्रेरणा पैदा गर्ने गर्दछ । जनताका प्रतिनिधिको स्वीकृतिबिना कुनै कर नलगाइने भन्ने सिद्धान्त रहेकाले पनि संसदीय गतिविधि, निर्णय र निर्देशनको अनिवार्यताको कल्पना संविधानले गरेको छ । यस सन्दर्भमा संसदीय गतिविधि निर्वाध सञ्चालन हुनु र जनसवालका विषयका साथै सरकारबाट प्रस्तुत नीति तथा कार्यक्रम, बजेट र विभिन्न विधेयकमाथि खुला छलफल हुनुले लोकतन्त्रको सौन्दर्यकै अभिवृद्धि गर्छ।

दलहरुबीच मतैक्यता नहुँदा थालनीका दिनहरुमा बैठक सञ्चालन सहज हुन नसकेको सङ्घीय संसद्को चालु अधिवेशनका कामकारबाही अहिले निर्वाध बन्दै गएका छन् । आगामी आवको बजेट प्रस्तुतियता नियमित बैठकहरु र छलफल जारी रहेपछि सभामुख, राष्ट्रियसभाका अध्यक्षलगायत पदाधिकारी, राजनीतिक दलका नेता, सांसद र संसद् सचिवालयका कर्मचारी कार्यसूचीका आधारमा कार्यजिम्मेवारी सम्पादन गर्न व्यस्त देखिनुहुन्छ। संसद्का बैठकका विशेष र शून्य समयमा सांसदहरुले आफूलाई लागेका जनजीवन र समसामयिक विषयमा विचार राख्ने क्रम जारी छ । सो क्रममा राजनीतिक छेडछाडको दोहोरी पनि चलेकै देखिन्छ । सहजरुपमा सञ्चालन भएका बैठकमा सांसदले राखेका विचारलाई जनताको सार्वभौमसत्ताको प्रयोगकै अवसरका रुपमा लिन सकिन्छ।

यसबीचमा यही जेठ १५ गते दुवै सदनको संयुक्त बैठकमा अर्थमन्त्री वर्षमान पुनबाट प्रस्तुत आगामी आर्थिक आर्थिक वर्ष २०८१/८२ को बजेट (राजस्व र व्ययको वार्षिक अनुमान) माथि सामान्य (सैद्धान्तिक) छलफल सम्पन्न भएको छ। दुवै सदनमा सांसदबाट सो विषयमा उठाइएका प्रश्नमाथि मन्त्री पुनले जवाफ दिइसक्नुभएको छ । मन्त्री पुनले विगत वर्षमा गरिएको आर्थिक सुधारका उपलब्धिलाई संस्थागत गर्ने र बदलिँदो विश्व अर्थ व्यवस्थामा मुलुकको वस्तुगत आवश्यकताको दृष्टिकोण बजेटमा रहेको सुनाउनुभयो । उहाँले उत्पादन र रोजगारका अवसर सिर्जना गर्ने उल्लेख गर्दै बजेटले समन्वयात्मक भूमिका निर्वाह गरी लक्षित राजस्व सङ्कलनमा सफलता मिल्ने विश्वास व्यक्त गर्नुभयो।

मन्त्री पुनले नयाँ करका रुपमा हरित कर थालनी गरिएको उल्लेख गर्दै मुलुकले सौर्य र नवीकरणीय ऊर्जातर्फ सरकारले ध्यान दिएको स्पष्ट गर्दै आलु, प्याज र स्याउको आन्तरिक उत्पादनलाई संरक्षण दिन मूल्य अभिवृद्धि कर हटाइएको जानकारी दिनुभयो । छलफलमा सांसदहरुले विनियोजन गरिएको बजेटले लिएका लक्ष्यको प्रभावकारी कार्यान्वयन गर्न जोड दिएका विषयमा अर्थमन्त्री पुनले गम्भीरतापूर्वक लिएको देखिन्थ्यो।

प्रतिनिधिसभामा यही जेठ २२ गते बजेटको छलफल चलिरहँदा राष्ट्रियसभामा मन्त्री पुनले जवाफ दिन जानुपर्ने भएकाले प्रतिनिधिसभाको बैठकको छलफल चल्दाचल्दै उहाँको खोजी भए पनि १५ मिनेटका लागि बैठक स्थगन गर्नुपरेको थियो। दुवै सदनमा उही समयमा एकै विषयमा छलफल चल्दाका यस किसिमका समस्या विगतमा पनि नदेखिएका होइनन्।

विगतमाझैं यस वर्ष पनि सत्तापक्षका सांसदहरुले मूलरुपमा बजेटको समर्थन र विपक्षी सांसदले आलोचना गर्ने क्रम देखियो । सत्तापक्षकै सांसदबाट असन्तुष्टिका स्वर पनि बजेटमाथि गुञ्जिएका छन् । उदाहरणका रुपमा नेकपा (एमाले) का सांसद गोकर्णराज विष्टले बजेटमा पाँच उद्देश्य, पाँच प्राथमिकता, पाँच रणनीति र पाँच रुपान्तरणकारी क्षेत्र छुट्ट्याइनु सकारात्मक रहे पनि प्रस्तावित कार्यक्रम तथा रकम विनियोजनबीचको समुचित व्यवस्थापन नभएको टिप्पणी गर्नुभयो । नेपाली कांग्रेसका सांसद अर्जुननरसिंह केसीले नेपाल सरकारको आगामी आवको बजेट यथार्थमा आधारित नभई महत्वाकाङ्क्षी भएको बताउनुभयो । कांग्रेसकै सांसद डा आरजु राणा देउवाले आगामी वर्षको यस बजेटलाई थप प्रभावकारी र कार्यान्वयनमुखी बनाउन बुँदागत रुपमा सुझाव दिनुभयो । सत्तापक्षकै सांसदले बजेटको स्वामित्व कसले लिने भन्ने प्रश्न गर्दा बजेट कार्यान्वयन गर्न चुनौतीपूर्ण हुने देखिन्छ । अर्थमन्त्री पुनले ती सबै सुझावलाई रचनात्मकरुपमा ग्रहण गरेको बताउनुभयो। संसद्का आगामी बैठकमा विनियोजन विधेयक र आर्थिक विधेयकमा छलफल हुनेछ।

बजेटमाथिका छलफलमा सांसदहरुको पातलो उपस्थिति र छलफलमा भाग लिएका कतिपय सांसदको प्रस्तुति प्रखर हुन नसक्नुका क्रम पनि यसबीचमा देखिएका छन् । छलफलमा भाग लिने सदस्यका लागि समय निर्धारण गरिएपछि स्वचालितरुपमा माइकको लाइन काटिने अभ्यास अहिले पनि छँदैछ। यसैबीचमा इलाम-२ बाट निर्वाचित सांसद सुहाङ नेम्वाङले जेठ २२ गतेको प्रतिनिधिसभा बैठकमा आफ्नो पहिलो मन्तव्य राख्नुभएको थियो।

सांसदबीच वादप्रतिवाद

यस साताका बैठकमा कांग्रेस महामन्त्री विश्वप्रकाश शर्मा र एमाले नेता योगेशकुमार भट्टराईका अभिव्यक्ति राजनीतिक दोहोरीका रुपमा चर्चामा रहे । कांग्रेस नेता शर्माले फौजदारी वा कुनै घटनामा आरोप लागेका व्यक्तिमाथि छानबिन गर्दा पूर्वाग्रहबाट मुक्त भएर गर्न सरकारलाई आग्रह गर्नुभएको थियो भने एमाले नेता भट्टराईले छानबिनबाट आफ्नो दल नभाग्ने स्पष्ट पार्नुभएको थियो।

महामन्त्री शर्माले सहकारी पीडितमाथिको छानबिन समितिको गठन हुनु सकारात्मक भए पनि विश्वासको मत लिने समयवाधि २२ दिन बाँकी कायमै रहेको अवस्थामा जेठ ७ गते सदनमा प्रतिपक्षी दलको अवरोधबीच प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले हतारोमा विश्वासको मत लिएको घटनामा आफूहरुको असहमति रहेको दर्ज गर्नुभयो । महामन्त्री शर्माले गिरीबन्धु टि स्टेटका सम्बन्धमा नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले विगतमा कांग्रेसको सरकारका समयमा जग्गा बिक्री गरिएको जस्ता आरोप लगाएकामा चिन्ता व्यक्त गर्र्दै यदि त्यसो हो भने छानबिन गरेर कारबाही गर्न चुनौती दिनुभयो । महामन्त्री शर्माले काठमाडौंको न्युरोडको सडक निर्माण विवादमा काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाहको पक्ष लिनुभयो भने एमाले नेता भट्टराईले प्रमुख शाहले एमाले अध्यक्ष केपी शर्मा ओलीलाई सामाजिक सञ्जालबाट गरेको आलोचनाको विरोध गर्नुभयो।

संसदीय छानबिन समिति गठन र कार्यारम्भ

गत वैशाख २८ गते शुक्रबारदेखि सुरु भएको चालु बजेट अधिवेशनमा प्रतिनिधिसभा र राष्ट्रियसभामा पहिलो दिनको बैठकदेखि नै प्रतिपक्षीको अवरोध र नारावाजीको शृङ्खला सुरु भएको थियो। पछि प्रमुख दलहरुबीच जेठ १५ गते सहकारी अनियमितताका विषयमा संसदीय छानबिन समिति गठन गर्ने सहमति भयो र संसद्को गत्यावरोधको अन्त्य पनि भयो । संसदीय छानबिन समिति गठनमा सहमति नभएको भए जेठ १५ गते नेपाल सरकारको बजेट प्रस्तुतिको कार्यसूची प्रभावित हुन्थ्यो । अध्यादेशबाटै भए पनि सरकारले अनिवार्य रुपमा सोही दिन बजेट ल्याउनुपर्ने संवैधानिक बाध्यताको पालना गर्नुपर्ने अवस्था थियो । तर त्यसो हुन पाएन, बजेट भाषण संसदबामै प्रस्तुत भयो।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसलगायत दलहरुले सहकारी समस्याको समाधान गर्न संसदीय छानबिन समिति गठन गर्नुपर्ने मागसहित संसदको कामकारबाहीमा अवरोध गर्दै आएका थिए । तर राष्ट्रपति रामचन्द्र पौडेलको सम्बोधनमार्फत यही जेठ १ गते प्रस्तुत गरिएको सरकारको नीति तथा कार्यक्रमको प्रस्तुतिमा भने संसद अवरुद्ध भएन। तर त्यसपछि लगातारका अवरोधले नीति तथा कार्यक्रममाथि सहजरुपमा छलफल र जवाफ प्रस्तुति हुन पाएन । संसदीय छानबिन समितिका संयोजक सूर्यबहादुर थापा क्षेत्रीसहित सदस्यहरुले औपचारिक पत्र बुझेर कार्यारम्भ गरिसक्नुभएकाले सहकारी समस्याका विषयमा अब संसदमा विवाद उत्पन्न नहोला भन्न सकिन्छ तर समितिको कार्यविधिबारे प्रमुख दलहरुबीच आ-आफ्ना अडान भने छँदैछन्।

सभामुख देवराज घिमिरेको उपस्थितिमा यही जेठ २३ गते सहकारी संस्था बचत रकम संसदीय छानबिन विशेष समितिको पहिलो बैठक सम्पन्न भई समितिको आन्तरिक कार्ययोजना र कार्यविधि बनाउने निर्णय भएको छ । समितिका सभापति थापाले निर्धारित समय (तीन महिना) भित्रै काम सक्नुपर्छ भनेर छलफल गरेको राससलाई जानकारी दिनुभयो । उक्त समितिका सदस्यमा नेकपा (एमाले)बाट थापा र सरिता भुसाल, नेपाली कांग्रेसबाट ईश्वरी न्यौपाने र बद्री पाण्डे, नेकपा (माओवादी केन्द्र)बाट लेखनाथ दाहाल, राष्ट्रिय स्वतन्त्र पार्टीबाट शिशिर खनाल र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट ध्रुवबहादुर प्रधान रहनुभएको छ।


अघि बढ्दै विधेयकहरु

यसबीचमा अर्थमन्त्री पुनले 'विनियोजन विधेयक, २०८१', 'राष्ट्र ऋण उठाउने विधेयक, २०८१' र 'भन्सार महसुल विधेयक, २०८१' संसद्का बैठकमा पेस गर्नुभएको छ। 'विनियोजन विधेयक, २०८१ माथि विचार गरियोस' भन्ने प्रस्ताव जेठ २४ गतेको बैठकले बहुमतले स्वीकृत गरेको छ ।प्रतिनिधिसभाको बैठकमा 'अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयकसम्बन्धी समितिको प्रतिवेदन' पेस भएको छ। अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिका सभापति राजकिशोर यादवले 'अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयकसम्बन्धी समितिको प्रतिवेदन २०८१' पेस गर्नुभएको हो।

प्रतिनिधिसभाबाटै सुरक्षण मुद्रणसम्बन्धी विधेयक, २०८१ बहुमतले पारित भएको छ। सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले 'सुरक्षण मुद्रणसम्बन्धी विधेयक, २०८१ लाई पारित गरेपछि विदेशमा छपाइ हुने सुरक्षण मुद्रणसँग सम्बन्धित नेपाल राष्ट्र बैंकका नोट, राहदानी, हुलाक टिकट, स्टिकरलगायत सुरक्षण मुद्रणका सामग्री स्वदेशमै छपाइ गर्न बाटो खुलेको छ ।रासस

आउनुहोस ! पुण्यको भागी बन्नुहोस !!
शिव गंगा टुर्स एण्ड ट्राभल्सद्वारा संचालित
यही मिति २०८१/०२/१९ गते शनिवारका दिन
२×२ लक्जरी भिडियोकोच बस खुल्ने गइरहेको छ ।
विशेष यात्रा
थालेवाली माई, नैमिसारण, बनारस, काशी विश्वनाथ ज्योतीलिंग, विन्धयाचल माई, अष्ठभुजी दुर्गा माता, प्रयागराज संगम स्नान, चित्रकोट चारधाम, राम घाट, सतिअन्सुइया, गुप्त गोदावरी, मन्दाकनी, कामतगरी, तुल्सीदास घाट, गुप्तेश्वर गंगा, बागेश्वर बालाजी धाम, विन्दावन, गोकुल, मथुरा, गोबरधन, वरसाना, नन्दगाउँ, श्री शनि देव मन्दिर अयोध्याधाम, गोरखपुर, गोरखनाथ दर्शन पुजा गर्दै जनकपुरधाम सम्मको ९ दिनको यात्राको लागि प्रति व्यक्ति रु. ७,५००।- भारु (दुई छाक भोजन समेत) भाडा लाग्ने जानकारी गराईन्छ ।

सम्पर्क
प्रो. पोषण प्रसाद साह
जानकी चौक, जनकपुरधाम-१०
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४१३३१९५ (नेपाल)
मो. ८२७१०८६९९३ (भारत)



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# सुशासनको पथ बाहिर

मधेश प्रदेशमा साढे ६ वर्षदेखि सत्तामा रहेको जनता समाजवादी पार्टी (जसपा) नेपालले व्यापक भ्रष्टाचार, अनियमितता, दलित, जनजातिको उपेक्षा गरको भन्दै विभिन्न आरोपहरु लगाउँदै सुशासनका लागि जनमत पार्टीले सरकारको नेतृत्व लिएको दाबी गरेको छ। जनमत पार्टीले मधेश प्रदेशमा सुशासन कायम गर्ने, भ्रष्टाचार न्यून गर्ने, सिमान्तकृत, दलित, पिछडिएका समुदायको विकास र उत्थानका लागि काम गर्ने प्रतिवद्धता जनाएको छ। जनमत पार्टी राजनीतिको मुल प्रवाहमा आएदेखिको पहिलो निर्वाचनमा भाग लिएको २ वर्ष भएको छ । स्थानीय तहमा केही सफलता प्राप्त गरेको जनमत पार्टीले आम निर्वाचनमा राम्रो नतिजा ल्याएको छ। मधेश प्रदेशमा प्रत्यक्ष र समानुपातिक समेत १३ सभासद रहेको जनमत पार्टीको संघीय संसदमा १ जना निर्वाचित सहित ६ जना सांसद छन् । मधेश प्रदेशमा समानुपातिक तर्फ सर्वाधिक मत पनि जनमत पार्टीले प्राप्त गरेको यथार्थ छ । दुई दशकदेखि मधेश केन्द्रित राजनीतिमा नेतृत्वदायी भूमिकामा रहेका जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवलाई सप्तरी जिल्लाबाट निर्वाचनमा पराजित गरी स्थापित भएको जनमत पार्टीका अध्यक्ष डा.सि के राउत दुरगामी सोच भएका र स्वतन्त्र मधेशको नारा दिएका नेता हुन् । संघीय सत्तामा समेत रहिसकेको जनमत पार्टीले मधेश प्रदेशमा विगतको भन्दा राम्रो कार्य गर्नेमा मधेशवासी आशावादी छन् । तर मधेश प्रदेशको मुख्यमन्त्रीको सपथ लिएर पदवहाली भएकै दिन सतिश कुमार सिंहले गरेको निर्णय विवादमा परेको छ। निर्वाचित सभासदलाई ५ करोड रुपैयाँ र समानुपातिक सभासदलाई डेढ करोड रुपैयाँ विकास क्षेत्र पूर्वाधारको नाममा बजेट विनियोजन गर्ने निर्णय गरेको छ । संघीय सरकारले अगामी आर्थिक वर्षको बजेटमा संसदीय विकास कोषका लागि बजेट विनियोजन गरेको छैन । सर्वोच्च अदालतले जनप्रतिनिधिको माध्यमबाट निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यका लागि बजेट खर्च गर्न रोक लगाएको छ। चालु आर्थिक वर्षमा मधेश प्रदेशमा निर्वाचित सभासदका लागि ३ करोड रुपैयाँ र समानुपातिक सभासदका लागि १ करोड रुपैयाँ विनियोजन गरिएको थियो। त्यो रकम खर्च हुन सकेको छैन। बजेटमा सर्वाधिक अनियमितता हुने संसदीय विकास कोषको रकम नै हो। त्यसले सर्वाधिक विवाद पनि सृजना गर्छ। अर्को तर्फ मधेशमा १६ सदस्यीय मन्त्रीमण्डल गठन गर्ने जनमत नेतृत्वको सरकारमा सहमति भएको छ। त्यो हालसम्मकै सबै भन्दा ठूलो मन्त्रीमण्डल हुनेछ । यस्ता निर्णयहरुले सरकार पहिलो दिन नै सुशासनको पथ छाडेको छ । विगतमा भएका कमजोरी भन्दा बढी कमजोरी गर्ने तर्फ जानु हुँदैन।

# मोदी बहुमतबाट किन चुक्यो ?



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

नरेन्द्र मोदी तेस्रोपटक प्रधानमन्त्रीमा नियुक्त भउको छ । आज आइतवार अपराह्न उनको शपथ ग्रहणको भव्य रुपमा आयोजना गरिएको छ । २०१९जस्तै पाकिस्तानबाहेक छिमेक राष्ट्रका प्रमुखलाई सो अवसरमा सहभागीका लागि आमन्त्रित गरिएको छ । प्रधानमन्त्री पुष्पकमल दाहालपनि सहभागी हुनेछ। सन् १९५०मा भारतको संविधान जारीपछि लगातार तीनपटक पण्डित जवाहरलाल नेहरु प्रधानमन्त्री बनेका थिए । पचहत्तर बर्षको अन्तरालमा सो तेस्रोपटक प्रधानमन्त्री बनेका हुन्।

भारतीय जनता पार्टी सङ्गठनात्मक दृष्टिकोणले सवैभन्दा सशक्त पार्टी हो । सो पार्टीबाट लगातार दुईपटक प्रधानमन्त्री बनेका नरेन्द्र मोदी एक स्वाच्छ छवि र आफ्नो बोली वचनमा प्रतिबद्ध रहने नेताको रुपमा पहिचान बनाएका हुन् । अन्तर्राष्ट्रिय जगतमा पनि भारतको छविलाई उचाईमा पुऱ्याएको देखिन्छ। मोदीले निर्वाचनमा भाजपा एक्लै तीनसय सत्तर र नेशनल डेमोक्रेटिक एलाइन्स(एनडिए)समेत गरी पाँचसय त्रिचालीस सिटमध्येबाट चारसय सिट जित्ने उद्घोष गरेको थियो । तर, निर्वाचनको परिणामको आधारमा भाजपा २४० सिट र एनडिए समेत गरी २९३ सिटमा मात्र जित हासिल गर्न सक्यो। हुन त सरकार बनाउनका लागि २७३ सिट मात्र चाहिन्छ । राहुल गान्धिहरुको मोर्चा इन्डिया गठबन्धनले २३४ सिटमा जित्न सफल भएको हो।

### मोदीको चुनावी नारा उल्टो पऱ्यो

मोदीको लोकप्रियता घटेको वा जनता आक्रोसित रहेको कारणले होइन कि मोदीको आफ्नै नारा गलफास बन्यो। त्यो नारा 'अव कि बार चारसय पार' । मोदीले चार सय पारको नारा दिएपछि राहुल गान्धिहरु केही दिन अलमलमा परेको थियो । त्यसपछि, उनीहरुले मोदीले चार सय सिट ल्याएर संविधान बदल्न खोजेको र उनले निर्वाचनपछि कडा फैसला लिने जुन घोषणा गरेको छ, त्यो हो, आरक्षण खारेजको घोषणा । भारतको संविधान निर्माता भीमराव अम्बेडरप्रति दलित समुदाय बडो सम्मान र गर्वको अनुभूति गर्छ। राहुल गान्धिले चुनावी सभामा संविधान बोकेर जाने गर्दथ्यो र मोदीले अम्बेडरले लेखेको संविधान बदल्न खोजेको आरोप लगाउने गर्दथ्यो । दलित समुदायमा भय सृजना भएको चर्चा छ। अर्को, इन्डि सरकार बनेपछि प्रत्येक महिलालाई खातामा एक लाख दिने नाराले पनि काम गऱ्यो । काँग्रेस पार्टीले सा`एक लाख, कर्ज मिनाहाजस्ता उल्लेख गरिएका 'ग्यारेन्टी कार्ड' व्यापक रुपमा वितरण गरेको थियो।


मोदीले 'एक देश एक कानुन' ल्याउने पटक पकट घोषणापछि मुश्लिमहरु पनि त्रसित थियो । मुश्लिमलाई संविधानले दिएको धार्मिक अधिकार खारेज हुने डर पसेको उनीहरुले महिनौंदेखि विभिन नसञ्चारमाध्यममा दिँदै आएका प्रतिक्रियाबाट स्पष्ट हुन्छ । अर्कोतर्फ, एक बर्षअघि विहारमा जातीय जनगणना गरिएको थियो । जसको जति जातीय भागिदारी, त्यति पाउने सरकारमा भागिदारीको नारा दिएको थियो । तसर्थ, पचास प्रतिशतबाट आरक्षण बढाएर ७५ प्रतिशत गरिने छ र मुश्लिमलाई पनि आरक्षण प्रदान गरिने कुरा जोडतोडका साथ तेजस्वी र राहुलले उठाएका थिए। त्यसको प्रतिउत्तरमा मोदीले कुनैपनि शर्तमा धार्मिक आधारमा मुश्लिमलाई आरक्षण दिन नसक्ने भनेर प्रतिक्रिया दिने गर्दथ्यो।

### मोदी कहाँ चुके ?

चुनाव प्रचारको क्रममा सरकारको उपलब्धि जनतासमक्ष पस्कनु पर्दथ्यो। तर, सवैभन्दा बढी राहुल गान्धि कहाँ के बोल्यो भने विषयमा बढी केन्द्रीत भएको देखिन्थ्यो। मोदीको दस बर्षको कार्यकालमा विपन्न परिवारको जीवनस्तरमा सुधार भएको छ । भारत विश्वको आठौं स्थानबाट पाँचौं अर्थतन्त्रको राष्ट्र उक्लिएपछि विश्वनै हत्तप्रभ भएको थियो । प्रधानमन्त्री आवास योजनाअन्तर्गत दस बर्षमा तीन करोड परिवारले पक्की भवन पाएको हो । समग्रमा हेर्दा, भारतको जनताको जीवनस्तर बदलिएको छ। यदि, कसैले यो भन्छ विकास, बेरोजगार र महङ्गीलाई आधार बनाएर मतदान गर्छ भने कुरालाई म व्यक्तिगत रुपमा विश्वास गर्दिन । पाँच बर्षसम्म यि विषयमा आवाज उठाएपनि मतदान गर्ने बेलामा आफ्ना जातपात, धर्म, क्षेत्र र पार्टी र व्यक्तिगत लाभलाई बढी प्राथमिकता दिने गरिन्छ। यस्ता प्रवृति नेपालमा पनि छ। तराईमा जातीय आधारनै चुनावमा जितको ग्यारेन्टी हुने गर्दछ। कोही कोही धेरै बढी लोकप्रिय र आर्थिक रुपमा सम्पन्न छ भने जित्न सक्छन्।

अयोध्याको पहिचान विश्वमैं फैलिएको छ। त्यहाँ त धेरै विकास भएको छ। तर, भाजपा चुनाव हाऱ्यो।

त्यहाँ भाजपाका `उम्मेद्वारको व्यवहारप्रति सर्वसाधारण जनता बढी आक्रोसित थियो। उत्तरप्रदेशको रामपुर भन्ने गाउँमा २३ सय मतदाता छन्। २१ सय ६ मत खसेको छ। एक मत पनि भाजपाले पाएको छैन्। तर, प्रधानमन्त्री आवास योजनाअन्तर्गत पाँच बर्षको अवधिमा उक्त गाउँमा विपन्न परिवारबीच तीनसय भन्दा बढी पक्कीघर निर्माण गरी प्रदान गरिएको छ। घर पाउनेले पनि मत किन दिएन ? यस विषयमा तर्कवितर्क गर्नुभन्दा पहिले भाजपाको मेरुदण्ड भनिएका उत्तर प्रदेश,राजस्थान, हरियाणा र महाराष्ट्रको चुनावी परिणाम भाजपाको पक्षमा किन हुन सकेन् । एक्लै उत्तर प्रदेशमा भाजपाले विगतजस्तै चुनावी परिणाम ल्याउन सकेको भए, भाजपा बहुमतको अङ्क छुन सक्थ्यो।



उत्तरप्रदेशमा २०१९मको निर्वाचनमा ८० सिटमा भाजपा ६७ सिट जितेको थियो। यसपल्ट, मात्र ३३ सिट जित्न सफल भयो । ३४ सिट कम जितेको छ। त्यति सिट जितेको भए, भाजपाले स्पष्ट बहुमत पाउने थियो । २०१९मा राजस्थानको २५वटै सिट जितेको थियो । यसपल्ट, १४ सिटमा जित हात पाऱ्यो। २०१९मा हरियाणाको १०वटै सिट जितेका भाजपाले ५ सिटमा चित बुझाए। यि तीनवटा प्रदेश भाजपाको गढ हो। यो तीनवटै प्रदेश गरी २०१९मा १०२ सिट जितेको थियो भने यसपल्ट, ४९ सिट मात्र जित्न सक्यो।

राजनीतिक विशेषकहरुले आ- आफ्ना तर्क दिइरहेका छन् । मेरो विचारमा हारको विजारोपन केही महिनाअघि नरेन्द्र मोदी र अमित साहले लोकप्रियताको ध्यान नगरी आफ्नै मनले मुख्यमन्त्रीको चयन गर्दा एक वर्ग अत्यधिक असन्तुष्ट हुँदा चुनावकै परिणाममै असर परेको देखिन्छ। केही महिनाअघि मध्यप्रदेश र राजस्थानको प्रदेशको निर्वाचनमा भाजपाले बहुमतप्राप्त गऱ्यो । मध्यप्रदेशका मुख्यमन्त्री थिए, शिवराज सिँह । उनी राजपुत हुन् । उनको नेतृत्वमा भाजपाले जित हात पारेको थियो। उनी लोकप्रिय व्यक्ति भएपनि उनलाई मुख्यमन्त्री नबनाइ मोहन यादवलाई मुख्यमन्त्रीमा नियुक्त गऱ्यो । मोहन यादवलाई मुख्यमन्त्री बनाएर विहार र उत्तर प्रदेशमा यादव जातिको मत बटुल्ने उद्देश्य थियो।

राजस्थानको राजनीतिमा अहिलेपनि राजपरिवारहरुको बर्चस्व छ। पूर्वमुख्यमन्त्री महरानी बसुन्धरा राजेको सशक्त पकड छ । निर्वाचनमा भाजपा बहुमतमा आएपछि अधिकांस प्रदेशसभा सदस्यहरु बसुन्धरालाई मुख्यमन्त्री बनाउन सार्वजनिक अभिव्यक्ति दिएका थिए। तर, मोदी र अमित साहले भजनलाल शर्मालाई मुख्यमन्त्रीमा नियुक्त गऱ्यो । शर्मा ब्राह्मण जातिका हुन्। राजस्थानमा बसुन्धरा र मध्यप्रदेशमा शिवराज सिँहलाई मुख्यमन्त्री बन्न नदिएपछि राजपुत जाति मोदीप्रति बढी आक्रोसित भए। काँग्रेसजस्तै मोदीले पनि राजपुतको राजनीतिक भविष्य खतम पार्न खोजेकाले आउँदो निर्वाचनमा सबक सिकाउने भनेर राजपुतहरु गोलबद्ध हुन लाग्यो । राजपरिवारका सदस्य भएका कारण भारतभर राजपुतहरुमा महारानी बसुन्धराको बढी सम्मान छ। उनको राजनीतिक भविष्य खतम गरेको भनेर राजस्थानका साथै उत्तर प्रदेशमा राजपुतहरु भाजपाविरुद्ध प्रतिशोध साधेको चर्चा छ। सो कारणले राजस्थानमा ११ सिट र उत्तरप्रदेशमा ३४ सिटको बढी नोक्सान व्योहोर्नु परेको देखिन्छ। त्यसको असर विहारमा पनि पऱ्यो । अधिकांस राजपुतहरुको मत इन्डी गठबन्धनको उम्मेद्वारको पक्षमा गएको घोषित चुनावी परिणामले स्पष्ट हुन्छ।

उत्तर प्रदेशका मुख्यमन्त्री आदित्यनाथ योगी क्षत्री (विष्ठ) अर्थात, राजपुत हुन्। योगीको लोकप्रियता भारतका साथै विदेशमा पनि छ। कतिपय भारतीयहरु मोदीपछि योगीलाई प्रधानमन्त्री बनेको हेर्न चाहन्छन्। अमित साहलाई भाजपाको चाणक्यको संज्ञाले सम्बोधित पनि गर्छन्। अमित साहलाई प्रधानमन्त्री बन्नका लागि भाजपाभित्रबाट चूनौंति कसैले दिने सक्छ भने ति व्यक्ति हुन "योगी आदित्यनाथ" । त्यसकारण, अहिलेदेखि योगी र राजपुत नेताको भाजपामा पकडलाई कमजोर बनाउने रणनीति अमित साहले बडो सुनियोजित ढङ्गले अपनाएको देखिन्छ। २०२४को निर्वाचनका उत्तरप्रदेशमा भाजपाले विगतको निर्वाचनजस्तै चुनावी परिणाम ल्याएको भए, योगी सशक्त हुँदै उनको पक्षमा जनमतपनि बन्थ्यो। महारानी बसुन्धरा र शिवराज सिँह मुख्यमन्त्री रहिरह्यो र केन्द्रमा ज्योतिराजे सिधिंया छदैंछ । यस्तो अवस्थामा भाजपामा राजपुतको पकड अत्यन्त बलियो हुन्छ र योगीलाई प्रधानमन्त्री बनाउनमा सघाउँछ। सोही कारणले दुई राजपुतलाई मुख्यमन्त्री हुन नदिएको मेरो बुझाइ हो। उत्तरप्रदेशको फैजावाद (अयोध्या) बाट दुईपटक साँसदमा निर्वाचित लल्लु सिँहलाई तेस्रोपटक टिकट नदिँनका लागि कार्यकर्ताको आग्रहलाई केन्द्रले टेरपुच्छर लगाएन् । अर्कोतर्फ, इलाहावादको निवर्तमान साँसद रिता बहुगुनाको टिकट खोसेर उनको ठाउँमा वरिष्ठ नेता केशरीनाथ त्रिपाठीको छोरा निरज त्रिपाठीलाई टिकट दियो । योगीको मन्त्रिमण्डलमा मन्त्रीसमेत रहेकी उनी योगीसँग राजनीतिक निकटता छ। त्यो कारणले बहुगुनाको टिकट काटिएको राजनीतिकवृतमा चर्चा छ। त्यो त्रिपाठी र लल्लु सिहंलाई नराम्ररी पराजय भोग्यो। दिल्लीको सात सिटमध्ये ६ सिटमा उम्मेद्वार परिवर्तन गऱ्यो। तर, उत्तरप्रदेशमा टिकट परिवर्तनका लागि जोडतोडका साथ आवाज उठेपनि केन्द्रले सुनवाई नगरेको चर्चा छ।

अर्कोतर्फ, अखिलेश यादवले उत्तरप्रदेशमा बडो सुझबुझका साथ उम्मेद्वारको छनोट गरेको थियो। प्रदेशको ८० सिटमध्ये ६१ र काँग्रेसले १९ सिटमा मिलेर चुनाव लडेको थियो । अखिलेशले ६१ सिटमध्ये आफू, आफ्ना श्रीमती, भाइबन्धु गरी पाँच र मुश्लिमको लागि चार सिटबाहेक अन्य सिटहरुमा जातीय समीकरण मिलाएर उम्मेद्वार खडा गरेका थिए। यादव र मुश्लिमको पारम्परिक मतका साथै अन्य जातका पिछडिएका वर्ग र आक्रोसित राजपुतको मत पाएपछि अखिलेशको समाजवादी पार्टी ३७ र काँग्रेसले आठ ठाउँमा जित हात पारेको हो । समाजवादी पार्टी र काँग्रेसबाट निर्वाचित साँसदमध्ये आठ जना उच्च जातिका छन् । २०१९को निर्वाचनमा अखिलेशले आफ्नो हकको ३७ सिटमध्येबाट १० जना यादव र मुश्लिम उम्मेद्वार उठाएका थिए। सन् २०१९को निर्वाचनमा पूर्वमुख्यमन्त्री मायावतीकी पार्टी बहुजन समाजवादी पार्टीले उत्तरप्रदेशमा १९ प्रतिशत मत पाएको थियो भने यसपल्ट, मात्र सो पार्टीले १ प्रतिशतमा झरेको छ । उनको पार्टीको पारम्परिक दलित र मुश्लिम मतदाताहरु समाजवादी पार्टी र काँग्रेसको उम्मेद्वारको पक्षमा मतदान गरेको भारतीय विश्लेषकहरुले चर्चा गरिरहेका छन्।

हरियाणामा चार महिनाअघि मोहनलाल खट्टर मुख्यमन्त्री थिए । उनलाई विनाकारण हटाइयो । हरियाणामा जाट समुदायको बाहुल्यता छ । खट्टर अर्के समुदायको भएपनि पुरानो एवम् लोकप्रिय नेता हुन् । अनुभवी व्यक्तिलाई मुख्यमन्त्रीबाट हटाएको असर एक महिनामैं सरकारमा पनि देखा पऱ्यो । अहिले नयाँ मुख्यमन्त्री नायव सैनी हुन्। पार्टीभित्र आन्तरिक कलहले गर्दा हरियाणामा भाजपालाई पचास प्रतिशत सिट गुमाउनु पऱ्यो । महाराष्ट्रको विधानसभामा भारतीय जनता पार्टी सवैभन्दा ठूलो पार्टी हो। शिवसेना विभाजित भएर सो पार्टीका नेता एकनाथ सिँधेलाई भाजपाले समर्थन गरी मुख्यमन्त्री बनाए । मुख्यमन्त्री पदमा आसिन भइसकेका व्यक्ति देवेन्द्र फनडविसलाई मोदी र अमित साहको जोडीले उपमुख्यमन्त्रीमा बस्न बाध्य पाऱ्यो। शरद पवारको भतिज अजित पवारले पार्टी फोडेर आएपछि उनीहरुलाई पनि सरकारमा सहभागी गराइयो । महाराष्ट्रको मन्त्रालयमा भाजपाको सङ्ख्या कम हुँदै गयो । नेता र कार्यकर्तामा हीनताबोध देखापऱ्यो । त्यसको प्रत्यक्ष असर निर्वाचन परिणामबाट बुझिन्छ। महाराष्ट्र भाजपा, शिवसेना र अजित पवारको पार्टी मिलेर चुनाव लडेपनि ४८ सिटको आधापनि जित्न सकेन् । देवेन्द्र फडनविसले महाराष्ट्रमा हारको जिम्मेवारी लिँदै उपमुख्यमन्त्रीबाट राजिनामा गरेका छन् । समग्रमा भननुपर्दा, भारतीय जनता पार्टीका नेतामा अहङ्कार र कार्यकर्ता उदासिनता थियो। त्यो चुनावको परिणामले स्पष्ट हुन्छ।

एनडिएको २९३ बाट अव, ३०३ पुगेको छ। साना साना दल र स्वतन्त्र गरी दस जना साँसदले लिखित रुपमा मोदीलाई समर्थन गर्दा सो सङ्ख्या पुगेको हो। अव, नीतीस र आन्ध्र प्रदेशका चन्द्रबहादुर नायडुले आ-आफ्ना समर्थन फिर्ता लिएपनि मोदी नेतृत्वको सरकार बहुमतमै रहन्छ। नीतीसको १२ र नायडुको १४ गरी २६ पुग्छ। यसो हेर्दा, मोदी नेतृत्वको सरकार आफ्ना कार्यकाल पुरा गर्ने सम्भावना प्रवल छ । सहयोगी दलसँग तालमेल हुन रहेन भने मोदीले संसद् विघटन गरी मध्यावती निर्वाचनमा जाने सम्भावना पनि छ। भारतमा प्रधानमन्त्रीलाई संसद् विघटन गर्ने पूर्ण अधिकार छ । अहिलेसम्म जतिपटक विघटन भएको, त्यतिपटक निर्वाचन भएको छ। 'इतिश्री'

# नेता ज्यूहरू ! लाज लाग्दैन कि पचाउन सक्नुहुन्छ ?



डा. अतीन्द्र दाहाल

देशमा धेरैपटक क्रान्ति भए, नयाँ संविधान लेखिए, व्यवस्था बदलियो। पछिल्लोपटक संसद् भवन कुनै कुस्ती मैदानजस्तो देखिन्छ। सरकारहरूको एउटै काम भनेको विश्वासको मत लिने मात्र हुँदै छ। सोचे वा नसोचेका अनेकन् कुरा भए, केवल एउटै मात्र काम भएन, त्यो हो जनअपेक्षित विकास।

विकास र प्रगति हरेक देश तथा जनताको स्वाभाविक आशा हो। यो स्वयंसिद्ध एवं प्राकृतिक नागरिक अधिकार समेत हो। प्रतिनिधिमूलक प्रजातान्त्रिक व्यवस्थामा जनताका प्रतिनिधि अथवा नेतृत्वले यो अभिभारा पूरा गर्नुपर्छ। नेताहरूले हामी देशलाई सिंगापुर अथवा स्विजरल्यान्ड बनाउँछौं भन्दै भाषणबाजी गरेका ध्वनिका तरंग आम नागरिकका कानमा अहिले पनि गुन्जिरहेको छ, तर नागरिकको आशा, देशको वास्तविक तथा वस्तुगत अवस्था अनि नेताहरूको भाषणचाहिँ 'हामी नदीका दुई किनारा' भन्ने गीतजस्तै छ। कहींकतै यिनीहरूको भेट हुँदैन।

देशको विकास भएको छ कि छैन ? देश बस्न लायक छ कि छैन ? विदेश जानेहरूको लर्को किन बढेको छ ? निकट भविष्यमा देशको अवस्था सहजता अथवा असहजता उन्मुख के हुन्छ ? सर्वहाराका नेता भनिनेहरूको जीवनशैली र रवाफ कस्तो छ ? यी प्रश्नले आम मानसपटल र भविष्यउन्मुख हरेक व्यक्तिलाई पिरोलेको छ।

नागरिकमा सरकारप्रति भरोसा छैन। भ्रष्टाचार गरेको छैन भनेर कोही कुनै ओहदामा बसेको मानिसले भन्छ भने उसप्रति विश्वास जाग्दैन। अहिलेकै नेताबाट देश विकासको आशा गर्नु रत्नपार्कको भित्तामा बसेको ज्योतिषीको भविष्यवाणी माथिको भरोसाजस्तै हो। जसको आफ्नो भविष्य छैन, उनीहरू सय-पचास रुपैयाँ लिएर अरूको भविष्य भनिरहेछन् हामी त्यसमा रमाइरहेछौं। उनीहरू स्वयंको भविष्य सबल भएको भए सार्वजनिक पेटीमा बस्नुपर्दैनथ्यो।

देशमै बसेर केही गर्नुपर्छ भन्ने विश्वास र संकल्प बोकेको मानिसलाई कुनै काम दिएर सरकारी अफिसमा पठाइदिएपछि बेलुका फर्कंदा ऊ यो देशमा बसेर काम छैन भन्ने सोच निर्माण गरेर आउँछ। सेवाप्रवाह र सेवाग्राहीमाथिको सरोकारवाला निकाय अनि नियामक व्यक्तिको आचरण तथा सोच नोकरशाही पद्धतिको छ। स्थानीय निकायमा जनप्रतिनिधि भएपछि सहज र उच्च गतिमा काम हुन्छन् भन्ने आशा थियो, तर अख्तियारमा परेका भ्रष्टाचारजन्य उजुरीमध्ये सबैभन्दा अधिकचाहिँ स्थानीय निकायसँग सम्बन्धित रहेको तथ्यांक देखिन्छ। अधिकांश स्थानीय निकायका जनप्रतिनिधि आफू सहज र स्वार्थ मिल्ने कार्यकारी अधिकृत खोज्न संघसँग साक्षात्कार गरिरहेका समाचार प्रकाशित भएका छन्।

हालसालै विदेशी लेखक हेलेन थोम्पसनले एक पुस्तक लेखेका छन्, 'डिसअर्डर : हार्ड टायम्स फर ट्वान्टी फर्स्ट सेन्चुरी'। यस पुस्तकअनुसार भूराजनीतिक असहजता, आर्थिक अधोगति र प्रजातन्त्रीय निष्प्रभाविता अहिले कुनै पनि देश असफलता उन्मुख हुने प्रधान आधार हुन्। हाम्रो अवस्थालाई नियाल्दा यी तीनवटै कुरामा हामी अग्र श्रेणीमै छौंजस्तो देखिन्छ।

उत्तेजक भाषणबाहेक नेतृत्वसँग देशको विकास गर्ने सोच, योजना, रणनीति के छ ? तर केही दल र नेताचाहिँ बाटामा लखरलखर हिँडेर समृद्धि आउँछ भन्दै स्याल हुइयाँमा पनि छन्। राजनीति होइन, आर्थिक नीति र सबलता प्रमुख हो। पछिल्लो ५० वर्षमा चीन किन उदीयमान शक्ति भयो। युरोप र अमेरिका किन कमजोर हुँदैछन्। यी दुवै ध्रुवमा राजनीतिक प्रणाली र परिस्थिति फेरिएको छैन, तर आर्थिक अवस्थामा भीमकाय परिवर्तनहरू आए। अहिले भूराजनीति (जिओपोलिटिक्स) भन्दा भूअर्थनीति (जिओइकोनोमिक्स) मुख्य पक्ष हो। निकोलस मुल्दरको पुस्तक 'द इकोनोमिक वेपन'ले यसलाई राम्रो गरी विश्लेषण गर्दछ, अहिलेको शक्ति भनेकै आर्थिक शक्ति हो।

उत्पादन, आत्मनिर्भरता अनि निर्यातमा हामी अति धेरै जीर्ण भइसक्यौं। तत्काल वा केही दशकसम्म यो अवस्थालाई सन्तुलित गर्न सकिँदैन। सार्वजनिक ऋण २३ खर्बभन्दा बढी भएको तथ्यांक छ। व्यापार घाटा र असन्तुलन ९० प्रतिशतभन्दा बढी छ। प्राचीन इतिहास पल्टाएर हेर्दा भोटसम्म हाम्रो व्यापार नियन्त्रण थियो। भोटमा नेपालमा मुद्रण गरिएका सिक्का चल्थ्यो। रेशमीमार्गमार्फत नेपालले विश्वलाई जोडेको थियो। प्रथम विश्वयुद्ध तथा द्वितीय विश्वयुद्धमा नेपालले बेलायतलाई आर्थिक सहायता समेत प्रदान गरेको थियो।

केही दशकअगाडि हामी लभभग अधिकांश कुरामा आत्मनिर्भर थियौं। आज उच्च व्यापार घाटा भएको अनि विदेशी सहयोग र विप्रेषण प्रधान अर्थ चरित्र भएको देशमा परिणत भएका छौं। हामी पैसाले पैसा कमाउने दलाल पुँजीवाद अथवा वित्तीय पुँजीवादको दुर्ष्चकमा फसेका छौं। उत्पादनमार्फत सामर्थ्य बढाउने होइन, पैसा सङ्ग्रह र संरक्षण गरेर केवल सट्टापट्टा गर्ने अथवा ओसारपसार गर्नेमा मात्र केन्द्रित छौं। अनुत्पादक क्षेत्रमा पैसा लगानी गर्ने र त्यसैको भाउ बढाएर नाफा लिने आदतमा हाम्रो अर्थतन्त्र नराम्ररी भत्किँदै छ।

फलस्वरूप अन्तर्राष्ट्रिय विकासका लागि संयुक्त राष्ट्र एजेन्सी नामक एक संस्थाको पछिल्लो प्रतिवेदनले नेपाल दक्षिण एसियाकै गरिब देश भएको निष्कर्ष सार्वजनिक गऱ्यो, तर सिंगापुर र स्विट्जरल्यान्ड बनाउने भन्ने नेताहरू कानमा तेल हालेर स्वप्रशंसाको पुलिन्दा बोक्दै दौडिरहेका छन्। जसरी पनि फाइदा अथवा नाफा आफूमा केन्द्रित गर्ने 'रेन्ट सिकिङ एट्टिच्युड' र पैसाको भण्डार थुपार्ने 'क्रोनी क्यापिटालिजम' हाम्रा नेताहरूको सामरिक चरित्र बन्यो। तसर्थ आज अधिकांश नेता अधिक धनी, पूर्ण विलासी छन् तर जनता सामान्य दैनिकी चलाउन बिदेसिनुपर्ने अवस्था छ।

हाम्रा दुवै छिमेकीले पछिल्लो केही दशकमा अपार आर्थिक प्रगति गरे। चीनले 'बेल्ट एन्ड रोड इनिसिएटिभ' र भारतले 'एसिया अफ्रिका ग्रोथ करिडोर' अनि 'नर्थ-साउथ ट्रेड रिजन'जस्ता आक्रामक योजना निर्माण र लागु गरे। एसियाका थुप्रै अरू देश 'किटन इकोनोमी' (सानो अर्थतन्त्र)बाट टाइटर अथवा ड्रागन इकोनोमी (अधिक गतिका वृद्धिदर भएका) अर्थतन्त्र भए। विकास प्रजातन्त्र नै आजको प्रजातन्त्रको प्रमुख शोभा हो। जनतालाई सहज, सरल, गुणस्तरीय जीवनयापनको वातावरण नबन्ने प्रजातन्त्र के काम ? नागरिकलाई प्रजातन्त्र नामका लागि होइन, कामका लागि चाहिएको हो तर परिणाम के आयो त ?

कुनै बेला भारतले नेपालका राष्ट्राध्यक्षलाई आफ्नो स्वतन्त्रता दिवसको विशेष समारोहको प्रमुख अतिथि बोलाउँथ्यो। आज ऊ अमेरिकाको राष्ट्राध्यक्ष बोलाउँछ। भर्खरै महत्त्वपूर्ण 'जी ट्वान्टी' सम्मेलन पनि सम्पन्न गऱ्यो। हाम्रा सरकार प्रमुखहरू त्यहाँ जाँदा राज्यमन्त्री अथवा सहायकमन्त्री स्वागतमा आउँछन्। देशले आर्थिक हैसियतसँगै राजनीतिक कद समेत गुमाइरहेको स्पष्ट देखिन्छ। दातृ निकाय र वैदेशिक सहयोगबाहेक कुनै विशेष योजना तथा परियोजना सम्पन्न हुनु कोरा कल्पनाजस्तो भइसक्यो। राजनीतिक परिवर्तनको कुनै कालखण्डमा विदेशी हस्तक्षेप मुर्दावाद भनेर नारा लेख्ने प्रचलन निकै प्रिय थियो। अहिले त यस्तो नारा लेख्ने इनामेल, ब्रस र पेन्टर समेत विदेशबाटै ल्याउनुपर्छ। विदेशले पठाएन भने, त्यो लेख्न पनि हैसियत हुँदैन।

अब कति बिग्रिएपछि नेतृत्वको मन बिझ्छ, सोच परिवर्तन हुन्छ ? आफू र परिवारका लागि टन्न सङ्कलन गरेपछि किन र कसका लागि देश बनाउनुपऱ्यो भन्ने सोच हाबी भएको त होइन, नेताज्यू ? नेताज्यू ! देश यहाँभन्दा बिग्रन केही बाँकी छ र ? अनि तपाईंहरूलाई यो सबै देख्न र हेर्न लाज लाग्दैन कि लागेर पनि पचाउन सक्नुहुन्छ ?रातोपाटी।

# नेपाली कांग्रेस प्रतिपक्षमै रहने



काठमाण्डु । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले नेपाली कांग्रेस विसं २०८४ सम्म प्रतिपक्षमा बस्ने बताउनुभएको छ।

नेपाली कांग्रेस काठमाडौं महानगरपालिका-३ वडा कार्यसमितिले शनिबार आयोजना गरेको 'वर्तमान राजनीतिक अवस्थामा नेपाली कांग्रेसको भूमिका' विषयक अन्तर्क्रिया कार्यक्रममा उहाँले अर्को निर्वाचनसम्म कांग्रेस सशक्त प्रतिपक्ष भएर बस्ने बताउनुभएको हो।

महामन्त्री थापाले विसं २०७९ को निर्वाचनमा पाँच वर्षका लागि पाँच दलबीच गठबन्धन भए पनि चाहनाले नभई परिस्थितिले गठबन्धन टुटेकाले अब प्रतिपक्षमा बसेर सङ्गठन निर्माणको कामलाई अगाडि बढाउने बताउनुभएको हो । तीन वर्षको समय पार्टीलाई पुनःनिर्माण र बलियो बनाउने समय भएको उहाँको भनाइ छ ।"कांग्रेसको सरकार बनाउने र गिराउने चाहाना छैन, कांग्रेस जनताका विषयलाई लिएर अगाडि बढ्छ, सरकार र शक्तिको आडमा अदालत र संवैधानिक आयोगलाई प्रभावमा पारेर कसैले जनविरोधी काम गर्न पाइँदैन", उहाँले भन्नुभयो ।

महामन्त्री थापाले पछिल्लो समय राष्ट्रिय अर्थतन्त्र कमजोर भएकाले त्यसलाई ठीक गर्न कांग्रेसले पहलकदमी लिने बताउनुभयो। उहाँले कांग्रेसले तीन सय ३२ स्थानीय तहमा विजय हासिल गरेर कतिपय स्थानीय तहमा राम्रा काम गरे पनि त्यसको प्रचारप्रसार हुन नसकेको उल्लेख गर्नुभयो।महामन्त्री थापाले घरघरमा पुगेर पार्टी र आगामी कार्यदिशाका बारेमा छलफल गर्नुपर्नेबेला आएको बताउनुभयो । उहाँले अब बस्ने पार्टीको केन्द्रीय कार्यसमितिको बैठकले महासमितिको प्रस्ताव पारित गरेर अगाडि बढ्ने उल्लेख गर्नुभयो। आगामी बैठकले पार्टीका भ्रातृ संस्थाका बारेमा निर्णय लिने उहाँले जानकारी दिनुभयो।

> कांग्रेस नेता एवं प्रतिनिधिसभा सदस्य प्रदीप पौडेलले काठमाडौँका जनता सचेत भएकाले सोहीअनुसार पार्टीले रणनीति बनाएर अगाडि बढ्नुपर्ने बताउनुभयो ।

कांग्रेस नेता एवं प्रतिनिधिसभा सदस्य प्रदीप पौडेलले काठमाडौँका जनता सचेत भएकाले सोहीअनुसार पार्टीले रणनीति बनाएर अगाडि बढ्नुपर्ने बताउनुभयो । "सङ्गठनलाई सशक्त बनाउन जनसम्पर्क र जनताका चाहनालाई सम्बोधन गरेर अगाडि बढ्नुपर्छ", उहाँले भन्नुभयो ।नेता पौडेलले गिरिबन्धु टि स्टेटका बारेमा अदालतले फैसला गरेकाले त्यसबारे कांग्रेसले कुरा उठाउँदै आएको बताउनुभयो । गिरिबन्धु टि स्टेटका बारेमा सहकारी जस्तै कुरा उठाउन जरुरी भएको उहाँले बताउनुभयो । नेपाली कांग्रेस बागमती प्रदेशका सदस्य रमेशकुमार खड्काले पार्टीको सङ्गठनलाई बलियो बनाएमात्र सबै क्षेत्रमा कांग्रेसले जीत हासिल गर्नसक्ने बताउनुभयो ।

नेपाली कांग्रेस काठमाडौँका उपसभापति गोकर्ण केसीले कांग्रेसले अहिलेसम्म देशको विकासका लागि गरेको राम्रा काम जनतामाझ लैजानुपर्ने बताउनुभयो । नेपाली कांग्रेस काठमाडौं क्षेत्र नं ५ का सचिव पञ्चकुमारी श्रेष्ठले जनताका समस्या समाधानका लागि कांग्रेस लाग्नुपर्ने बताउनुभयो ।


कांग्रेस काठमाडौँ महानगरपालिका-३ का सभापति विसम केसीले नेपाली कांग्रेसलाई बलियो बनाउन मतदाताका घरघरमा पुगेर सङ्गठन निर्माणमा लाग्नुपर्ने बताउनुभयो ।रासस

# बजेट कार्यान्वयनमा सरकार गम्भीर हुनुपर्ने अध्यक्ष ओलीको सुझाव

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले आगामी आर्थिक वर्षको बजेट प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न सरकार गम्भीर हुनुपर्ने बताउनुभएको छ।

एमाले उद्योग व्यवसाय विशेष जिल्ला कमिटीको दोस्रो जिल्ला अधिवेशनको शनिबार उद्धाटन गर्दै उहाँले बजेटको प्रभावकारी कार्यान्वयनका लागि नमिलेका र सच्च्याउने कतिपय विषयमा सरकारसँग छलफल भइरहेको बताउनुभयो। "मुलुकमा "हाम्रो पुँजी र प्रविधिले पुगेन भने बाहिरबाट ल्याउनुपर्दछ तर मुख्यतः हामी आफैँले उत्पादन तथा पुँजीको सिर्जना र विकासमा ध्यान दिन आवश्यक छ।

"उहाँले मुलुकमा प्रत्यक्ष वैदेशिक लगानी भित्र्याए पनि फाइदा लिन नसकिएको भन्दै अब रोजगारीका अवसर सिर्जना हुनेगरी लगानीको उपयोग हुन जरुरी रहेको धारणा राख्नुभयो। देशलाई औद्योगिकीकरण र रोजगारीको अवसर सिर्जना गर्ने खालका लगानी भित्र्याउनुपर्नेमा उहाँको



उद्यमशीलतालाई प्रोत्साहन गर्न कच्चा पदार्थको आयात सहज हुनुपर्ने र करका दर कम हुनुपर्नेमा ध्यान जान सकेन, यस विषयमा सरकारको ध्यानाकर्षण गराइसकेको छु। बजेटलाई प्रभावकारी कार्यान्वयनका लागि अरु के-के विषय सच्च्याउनुपर्दछ भन्ने सन्दर्भमा पनि कुरा भइरहेको छ", उहाँले भन्नुभयो।

अध्यक्ष ओलीले अब हामी आफैँले पुँजी र प्रविधि विकासका गर्नेतर्फ लाग्नुपर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, जोड थियो।

अध्यक्ष ओलीले उद्योगमा प्रविधिको प्रयोगले औद्योगिकीकरणको भविष्य निर्धारण गर्ने भन्दै कृषिको आधुनिकीकरण र औद्योगिकीकरण गर्न नसके देशको अवस्था नबदलिने बताउनुभयो ।पार्टीका पोलिटब्यूरो सदस्य सुजिता शाक्यले मुलुकमा उद्योग स्थापना गरेर रोजगारीका अवसर सिर्जना गर्नुपर्नेमा जोड दिनुभयो ।रासस

# प्रधानमन्त्री दाहाल आमज नयाँदिल्ली जाँदै



काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको मैत्रिपूर्ण निमन्त्रणामा आइतबार भारतको औपचारिक भ्रमणमा जानुहुने भएको छ।

प्रधानमन्त्री मोदीको आइतबार नै नयाँदिल्लीमा हुने शपथ ग्रहण समारोहमा सहभागी हुन प्रधानमन्त्री दाहाल त्यसतर्फ जान लाग्नुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ । प्रधानमन्त्री मोदीले शपथ लिएपछि प्रधानमन्त्री दाहाल र उहाँबीच आइतबार नै भेटवार्ता गर्ने कार्यक्रम रहेको नयाँदिल्लीस्थित नेपाली दूतावासका एक अधिकारीले राससलाई बताए। ती अधिकारीले भने, "प्रधानमन्त्रीद्वयबीच सङ्क्षिप्त भेटवार्ता हुनेछ। "

प्रधानमन्त्री दाहालका साथ उहाँकी सुपुत्री गङ्गा दाहाल, कानुन, न्याय तथा संसदीय व्यवस्थामन्त्ती पदम गिरी तथा उच्चपदस्थ सरकारी कर्मचारी रहनुहुनेछ। उहाँ यही जेठ २८ गते स्वदेश फर्कने कार्यक्रम छ।

मन्त्रिपरिषद्का बिहीबारको बैठकले प्रधानमन्त्री मोदीको शपथग्रहणमा प्रधानमन्त्री सहभागी हुने निर्णय गरेको थियो । प्रधानमन्त्री दाहालले यसअघि गत जेठमा भारतको औपचारिक भ्रमण गर्नुभएको थियो ।यसअघि सन् २०१४ मा प्रधानमन्त्री मोदीको सपथ ग्रहण समारोहमा तत्कालीन प्रधानमन्त्री सुशील कोइराला सहभागी हुनुभएको थियो । त्यसबेला पाकिस्तानबाहेक दक्षिण एसियाली मुलुकका राष्ट्राध्यक्ष एवं सरकार प्रमुख समारोहमा सहभागी हुनुभएको थियो।

गत बुधबार प्रधानमन्त्री दाहाल र उहाँका भारतीय समकक्षी मोदीबीच टेलिफोन वार्ता भएको थियो । त्यस अवसरमा उहाँहरूबीच आपसी हित र साझा चासोका विविध विषयमा विचारविमर्श हुनका साथै भएको थियो । प्रधानमन्त्री दाहालले नेपाल र भारतबीचको सम्बन्धलाई अझ प्रगाढ तुल्याउन अब गठन हुने सरकारसँग साझेदारी एवं सहकार्य गर्न आफू तत्पर रहेको बताउनुभएको थियो।

प्रत्युत्तरमा भारतका प्रधानमन्त्री मोदीले "प्रधानमन्त्री प्रचण्डसँग कुरा गर्न पाउँदा अत्यन्तै खुसी लाग्यो । वहाँको न्यानो शुभकामनाको लागि वहाँलाई धन्यवाद व्यक्त गर्दैं । भारत र नेपालबीचको गहिरो र बहुआयामिक साझेदारीलाई सुदृढ गर्ने हाम्रो साझा प्रतिबद्धतामाथि जोड दिँदै हाम्रो सम्बन्धमा सकारात्मक गति कायम राख्ने कुरामा सहमत भयौँ," भन्नुभएको थियो।

सात चरणमा भारतमा सम्पन्न लोकसभा निर्वाचन परिणामअनुसार नेशनल डेमोर्क्याटिक एलायन्स (एनडीए) दुई सय ९३ स्थानमा विजयी भएको छ भने प्रधानमन्त्री मोदीको दल भारतीय जनता पार्टीले दुई सय ४० सिट जितेको छ। एनडिएको समर्थनमा भारतीय जनता पार्टीका नेता मोदीले आइतबार अपराह्न तेस्रो कार्यकालका लागि शपथग्रहण गर्ने निश्चित भएको भारतीय सञ्चारमाध्यमले जनाएका छन्।

राष्ट्रपति भवनमा आयोजना हुने विशेष समारोहमा राष्ट्रपति द्रौपदी मुर्मूले प्रधानमन्त्री मोदी र मन्त्रिपरिषद् सदस्यहरूलाई शपथ गराउने कार्यक्रम छ।

प्रधानमन्त्री मोदीको शपथग्रहण समारोहमा प्रधानमन्त्री दाहालसँगै भारत सरकारले श्रीङ्काका राष्ट्रपति रनिल विक्रमासिङघे, बङ्गलादेशकी प्रधानमन्त्री शेख हसिना, भुटानका प्रधानमन्त्री छिरिङ तोब्गे र मोरिससका प्रधानमन्त्री प्रविन्द जगन्नाथलाई पनि निमन्त्रणा गरेको छ ।रासस

# सरकार मुलुकको आर्थिक तथा सामाजिक रुपान्तरणमा केन्द्रित : अर्थमन्त्री पुन

काठमाण्डु । अर्थमन्त्री वर्षमान पुनले वर्तमान सरकार जनताको जीवनस्तर बदल्दै आर्थिक समृद्धि यात्रामा अघि बढिरहेको रहेको बताउनुभएको छ । नेकपा (माओवादी केन्द्र) समर्थित रिटर्नी सेन्टर नेपालको प्रथम स्थापना दिवसका अवसरमा शनिबार आयोजित कार्यक्रममा उहाँले सरकार मुलुकको आर्थिक तथा सामाजिक रुपान्तरणमा केन्द्रित भएको बताउनुभयो।

मुलुक गणतान्त्रिक व्यवस्थामा प्रवेश गरेपछि विभिन्न क्षेत्रमा आधारभूत उपलब्धि हासिल भएको जनाउँदै उहाँले अब ती उपलब्धिको गुणात्मक विकास गरिने बताउनुभयो। गणतन्त्रपछि मुलुकमा केही भएन भन्ने नकारात्मक भाष्य चिर्दै सरकार अघि बढिरहेको उल्लेख गर्दै अर्थमन्त्री पुनले भन्नुभयो, " बजेटमार्फत जनतामा आशा जगाउँदै देशभित्र वा बाहिर जहाँ भए पनि राष्ट्र निर्माण योगदान दिन सक्छौँ भन्ने सोच विकास गर्न खोजिएको छ।"

आगामी आर्थिक वर्षमा एक लाख रिटर्नीलाई पुनःस्थापना गर्ने योजना अघि सारिएको जानकारी दिँदै उहाँले विदेशबाट फर्केका युवाको श्रम, सीप र पुँजीलाई स्वदेशमै प्रयोग गर्ने वातावरण बनाइएको बताउनुभयो। मन्त्री पुनले आगामी आर्थिक वर्षको बजेटमा कृषि, ऊर्जा, सूचना प्रविधि, पर्यटन र उद्यमशीलता प्रवर्द्धनलाई प्रमुख पाँच रुपान्तरणकारी क्षेत्र घोषणा गरी विशेष योजना अघि सारिएको बताउनुभयो।

"कृषिको रुपान्तरणलाई पहिलो प्राथमिकता दिइएको छ । विद्युत्



उत्पादन गरी आन्तरिक खपत बढाउने तथा अन्तर्राष्ट्रिय बजारमा बिक्री गर्ने योजना राखिएको छ", उहाँले भन्नुभयो, "विदेशी पर्यटक भित्र्याएर आर्थिक समृद्धिमा फड्को मार्न सकिन्छ।" आगामी दशकलाई सूचना प्रविधि दशक घोषणा गरिएको जानकारी दिँदै मन्त्री पुनले १० वर्षमा रु ३० खर्बको सूचना प्रविधिसम्बन्धी सेवा निर्यात र १५ लाख रोजगारी सिर्जना गरिने दाबी गर्नुभयो।

राष्ट्रिय युवा परिषद्का उपाध्यक्ष सुरेन्द्र बस्नेतले वैदेशिक रोजगारबाट फर्केका युवालाई स्वदेशमै उद्यमशील बनाउने उद्देश्यले आगामी आर्थिक वर्षको बजेटमा समेटिएका विभिन्न कार्यक्रमबाट लाभ लिन आग्रह गर्नुभयो । परिषद्ले रिटर्नी युवालाई लक्षित गरी उद्यमशीलतासम्बन्धी तथा वित्तीय साक्षरताका कार्यक्रम सञ्चालन गरिरहेको उहाँले जानकारी दिनुभयो।

सेन्टरका अध्यक्ष देवेन्द्र सम्बाहाम्फेले वैदेशिक रोजगारबाट श्रम, सीप र पुँजीसहित स्वदेश फर्केका युवालाई एकताबद्ध गर्दै स्वदेशमै उद्यमशीलता विकासमा सहयोग गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले रिटर्नी युवालाई स्वदेशमै काम गर्ने वातावरण बनाउनुपर्नेमा जोड दिँदै सरकारले अभिभावकीय भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो।

रिटर्नी माइग्रेन्ट नेपालका महासचिव कृष्णप्रसाद न्यौपानेले विदेशबाट फर्केका युवाको श्रम, सीप र पुँजीको सदुपयोग गर्ने वातावरण बनाइनुपर्नेमा जोड दिँदै वैदेशिक रोजगारबाट स्वदेश फर्केका सम्पूर्ण युवा एकजुट हुनुपर्ने बताउनुभयो।नेपाल रिटर्नी एशोसियशन समाजवादीका अध्यक्ष प्रवीण पौडेलले मुलुकको राष्ट्रिय अर्थतन्त्रको विकासमा आप्रवासी कामदारले पठाएको विप्रेषणको महत्वपूर्ण योगदान रहेको उल्लेख गर्दै वैदेशिक रोजगारीबाट फर्केका युवालाई उद्यमशील बनाउने नीति ल्याउन आग्रह गर्नुभयो ।रासस

# विमानस्थलको जिम्मा निजी कम्पनीलाई पनि दिन सकिन्छः मन्त्री तामाङ

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्‍यन मन्त्री हितबहादुर तामाङले भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको भूमिस्थ प्रवन्ध (ग्राउण्ड ह्याण्डलिङ) सेवा सञ्चालन निजी वायुसेवा कम्पनीहरुलाई पनि दिन सकिने धारणा राख्नुभएको छ।

अठोट नेपाल र उद्योग वाणिज्य महासङ्घ बागमती प्रदेशको पर्यटन विकास समितिको संयुक्त आयोजनामा शनिबार आयोजित दोस्रो राष्ट्रिय पर्यटन सम्मेलन तथा फोटो प्रतियोगिता, २०२४ को उद्धाटन गर्दै मन्त्री तामाङले सो धारणा राख्नुभएको हो। "हाल गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको ग्राउण्ड ह्याण्डलिङ नेपाल वायु सेवा निगमले गरिरहेको छ तर अन्तर्राष्ट्रिय उडानको मान्यता पाएका निजी विमान कम्पनीले यस विमानस्थललाई आधार बनाएर नियमित उडान सुरु गरेमा त्यो जिम्मेवारी दिन सकिन्छ", उहाँले भन्नुभयो।

यसका लागि नागरिक उड्डयन प्राधिकरण विमानस्थल सेवाशुल्क नियमावली २०७८ को नियम पाँच दशमलव दुई बमोजिम प्रक्रिया सुरु गर्न प्राधिकरण व्यवस्थापनलाई स्वीकृति प्रदान गरिएको पनि मन्त्री तामाङले जानकारी दिनुभयो ।यसरी निजी विमान कम्पनीलाई पनि प्रतिस्पर्धा गराएर सेवा सुरु गर्दा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा सोझै अन्तर्राष्ट्रिय उडान बढाउन सकिने उहाँले विश्वास व्यक्त गर्नुभयो ।पर्यटन क्षेत्रमा देखिएको समस्या समाधान गर्न राज्यले नीतिगत सुधार गर्नु पर्ने, व्यवसायीहरुलाई उत्साहित बनाउनुपर्ने आवश्यकता रहेको भन्दै उहाँले अब यसमा सरकारले काम गरिरहेको बताउनुभयो ।रासस


## शारदा डिस्टिलरी प्रा.लि.

गोलबजार न.पा.–९ (सिरहा)

फोन नं.: ०३३–५५००३५, ५५००२७

### मूल्य सूची

प्रकाशित मिति : २०८१।०२।२७

यस उद्योगबाट उत्पादित ५० यू.पी. शक्तिको मदिरा आ.व. २०८१/२०८२ सालका लागी २०८१।०२।२७ देखि लागु हुने गरी अर्को मूल्य सुचि प्रकाशित नहुन्जेल सम्म निम्न बमोजिमको मूल्यमा बिक्री वितरण हुने हुदा सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | ब्राण्डको नाम | मि.लि. लिटर | यू.पी. V/V शक्ति | वितरक मूल्य मू.अ.क. समेत Ex factory | वितरक कमिशन मू.अ.क. समेत | डिलर मूल्य मू.अ.क. समेत | डिलर कमिशन मू.अ.क. समेत | थोक मूल्य मू.अ.क. समेत | थोक बिक्रेताकमिशन मू.अ.क. समेत | खुद्रा बिक्रेतामुल्य मू.अ.क. समेत | खुद्रा बिक्रेता कमिशन मू.अ.क. समेत | उपभोक्ता मुल्य मू.अ.क. समेत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | प्रति कार्टुन | प्रति बोतल |
| १ | Sahasi premium | १८० ml | ५० up | ६२१५।०० | ४५।२० | ६२६०।२० | १३५।६० | ६३९५।८० | १३५।६० | ६५३१।४० | २१६।९६ | ६७४८।३६ | १४०।५९ |
| २ | Sahasi Dudhiya | १८० ml | ५० up | ६२१५।०० | ४५।२० | ६२६०।२० | १३५।६० | ६३९५।८० | १३५।६० | ६५३१।४० | २१६।९६ | ६७४८।३६ | १४०।५९ |
| ३ | Sahasi Extradry | १८० ml | ५० up | ६२१५।०० | ४५।२० | ६२६०।२० | १३५।६० | ६३९५।८० | १३५।६० | ६५३१।४० | २१६।९६ | ६७४८।३६ | १४०।५९ |
| ४ | Chansller premium | १८० ml | ५० up | ५९९९।१७ | ४५।२० | ६०४४।३७ | १३५।६० | ६१७९।९७ | १३५।६० | ६३१५।५७ | २१६।९६ | ६५३२।५३ | १३६।०९ |
| ५ | Chansller Dudhiya | १८० ml | ५० up | ५९९९।१७ | ४५।२० | ६०४४।३७ | १३५।६० | ६१७९।९७ | १३५।६० | ६३१५।५७ | २१६।९६ | ६५३२।५३ | १३६।०९ |
| ६ | Chansller Extradry | १८० ml | ५० up | ५९९९।१७ | ४५।२० | ६०४४।३७ | १३५।६० | ६१७९।९७ | १३५।६० | ६३१५।५७ | २१६।९६ | ६५३२।५३ | १३६।०९ |
| ७ | Sahasi premium extradry | १८० ml | ५० up | ६२१५।०० | ४५।२० | ६२६०।२० | १३५।६० | ६३९५।८० | १३५।६० | ६५३१।४० | २१६।९६ | ६७४८।३६ | १४०।५९ |
| ८ | Chansller premium Extradry | १८० ml | ५० up | ५९९९।१७ | ४५।२० | ६०४४।३७ | १३५।६० | ६१७९।९७ | १३५।६० | ६३१५।५७ | २१६।९६ | ६५३२।५३ | १३६।०९ |
| ९ | Fauji Extra fine | १८० ml | ५० up | ६२१५।०० | ४५।२० | ६२६०।२० | १३५।६० | ६३९५।८० | १३५।६० | ६५३१।४० | २१६।९६ | ६७४८।३६ | १४०।५९ |
| १० | Jameen xxx | १८० ml | ५० up | ५९९९।१७ | ४५।२० | ६०४४।३७ | १३५।६० | ६१७९।९७ | १३५।६० | ६३१५।५७ | २१६।९६ | ६५३२।५३ | १३६।०९ |
| ११ | Jameen premium Extradry | १८० ml | ५० up | ५९९९।१७ | ४५।२० | ६०४४।३७ | १३५।६० | ६१७९।९७ | १३५।६० | ६३१५।५७ | २१६।९६ | ६५३२।५३ | १३६।०९ |
| १२ | Jameen Dudhiya best quality | १८० ml | ५० up | ५९९९।१७ | ४५।२० | ६०४४।३७ | १३५।६० | ६१७९।९७ | १३५।६० | ६३१५।५७ | २१६।९६ | ६५३२।५३ | १३६।०९ |
| १३ | Surahi xxx | १८० ml | ५० up | ५९९९।१७ | ४५।२० | ६०४४।३७ | १३५।६० | ६१७९।९७ | १३५।६० | ६३१५।५७ | २१६।९६ | ६५३२।५३ | १३६।०९ |
| १४ | Surahi dudhiya best quality | १८० ml | ५० up | ५९९९।१७ | ४५।२० | ६०४४।३७ | १३५।६० | ६१७९।९७ | १३५।६० | ६३१५।५७ | २१६।९६ | ६५३२।५३ | १३६।०९ |
| १५ | Surahi premium extradey | १८० ml | ५० up | ५९९९।१७ | ४५।२० | ६०४४।३७ | १३५।६० | ६१७९।९७ | १३५।६० | ६३१५।५७ | २१६।९६ | ६५३२।५३ | १३६।०९ |
| १६ | Chanller black label | १८० ml | ५० up | ५९९९।१७ | ४५।२० | ६०४४।३७ | १३५।६० | ६१७९।९७ | १३५।६० | ६३१५।५७ | २१६।९६ | ६५३२।५३ | १३६।०९ |
| १७ | Chansller | १८० ml | ५० up | ५९९९।१७ | ४५।२० | ६०४४।३७ | १३५।६० | ६१७९।९७ | १३५।६० | ६३१५।५७ | २१६।९६ | ६५३२।५३ | १३६।०९ |
| १८ | Sahasi apple | १८० ml | ५० up | ६२१५।०० | ४५।२० | ६२६०।२० | १३५।६० | ६३९५।८० | १३५।६० | ६५३१।४० | २१६।९६ | ६७४८।३६ | १४०।५९ |
| १९ | Target $ target apple | १८० ml | ५० up | ६२१५।०० | ४५।२० | ६२६०।२० | १३५।६० | ६३९५।८० | १३५।६० | ६५३१।४० | २१६।९६ | ६७४८।३६ | १४०।५९ |

**नोट**: ढुवानी खर्च वाहेक

रेक्टीफाइड स्प्रीट (अन्तःशुल्क र मु.अ.कर बाहेकको : ९६।०० डिनेचर्ड स्प्रीट : ३५।००



## क्षेत्र निर्धारण सम्बन्धी सार्बजनिक सुचना

**कर्जन्हा नगरपालिका क्षेत्रभित्र रहेको कमला नदी/खोला क्षेत्रबाट दिगो एवं व्यवस्थित रूपमा ढुङ्गा, गिट्टी, बालुवा र ग्राभेल उत्खनन/संकलन गर्ने कार्यको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन तयारीको लागी क्षेत्र निर्धारण**

प्रथम पटक प्रकाशित मितिः २०८१/०२/२७

मधेश प्रदेश सिरहा जिल्ला कर्जन्हा नगरपालिका द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम | कर्जन्हा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय कर्जन्हा, सिरहा<br>इमेलः पबचवबलजकगलरकबर्ष.अफ<br>फोन नं. ०३३-४११०२४ |
| प्रस्तावकको ब्यहोरा | कमला नदी/खोला क्षेत्रवाट दिगो एवं व्यवस्थित रुपमा ढुङ्गा, गिट्टी,वालुवा र ग्राभेल उत्खनन/संकलन गर्नेकार्य |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा | सिरहा जिल्लाको कर्जन्हा नगरपालिका वडा नं१,२,३, ५,६ र ७ कल्याणपुर नगरपालिका वडा नं. २,३,५,६ र ७।<br>धनुषा जिल्लाको गणेशमान चारथान नगरपालिका वडा नं. ५,६,७,८ र ९, कमला नगरपालिका |

माथी उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धी क्षेत्र नर्धारण (Scoping)गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थय चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागी पत्राचार गर्ने ठेगाना :**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगानाः | कर्जन्हा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय कर्जन्हा, सिरहा<br>इमेलः karjanhamun@gmail.com<br>फोन नं. ०३३-४११०२४ |
| परामर्शदाताको नाम र ठेगाना | नामः सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि.<br>ठेगानाःबिरगंज-१६, पर्सा, नेपाल<br>फोनः ९८५१००६६४३<br>ईमेलः shambhuprasadchaurasiya@gmail.com |

# इजरायललाई “लज्जास्पद”कालोसूचीमा राख्ने राष्ट्रसंघको निर्णय भ्रमपूर्ण

एएनआई

तेल अवीव ।सशस्त्र द्वन्द्वमा बालबालिकाको अधिकार उल्लङ्घनको गरेको भन्दै संयुक्त राष्ट्र सङ्घले इजरायल र हमासलाई आफ्नो “लज्जास्पद कालोसूचीमा” राखेको द टाइम्स अफ इजरायलले जनाएको छ ।यो सूची संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसको कार्यालयले सार्वजनिक गरेको वार्षिक प्रतिवेदनसँग जोडिएको छ ।




रूस, इस्लामिक स्टेट, अल-कायदा, बोको हराम, अफगानिस्तान, इराक, म्यानमा, सोमालिया, यमन र सिरियाको यो सूचीमा इजरायल र हमासलाई पहिलोपटक समावेश गरिएको छ । यो सूचीमा समावेश हुने इजरायल पहिलो लोकतान्त्रिक देश भएको द टाइम्स अफ इजरायलले जनाएको छ ।अघिल्लो वार्षिक प्रतिवेदनमा इजरायली-प्यालेस्टिनी द्वन्द्वका अध्याय समावेश थिए जसले इजरायललाई बालबालिका विरुद्ध गम्भीर अधिकार उल्लङ्घनको आरोप लगाएको थियो ।संयुक्त राष्ट्रको प्रतिवेदनपछि इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले संयुक्त राष्ट्रको निर्णयलाई भ्रमपूर्ण रहेको बताउनुभएको छ ।

संयुक्त राष्ट्रका लागि इजरायली मिसनले राष्ट्र सङ्घका लागि इजरायलका स्थायी प्रतिनिधि गिलाड एर्डानले शुक्रबार गुटेरेसका चिफ अफ स्टाफबाट औपचारिक सूचना प्राप्त गर्नुभएको हो ।गिलाड एर्डानले इजरायली सेना विश्वको सबैभन्दा नैतिक सेना भएको कुरामा जोड दिँदै यो “अनैतिक निर्णय”ले हमासलाई प्रोत्साहित गर्ने बताउनुभयो ।“राष्ट्रसङ्घको यो निर्णयले हमासलाई थप प्रोत्साहित गर्ने र युद्ध विस्तार गर्न उत्प्रेरित गर्नेछ”, एर्दानले थप बताउनुभयो ।

हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयका अनुसार गाजामा इजरायल-हमास युद्धमा लगभग आठ हजार बालबालिकाको ज्यान गएको द टाइम्स अफ इजरायलले जनाएको छ। तथापि, यो सङ्ख्यालाई गत महिना रातारात लगभग छ हजार पाँच सयमा घटाइएको थियो । बालबालिका र सशस्त्र द्वन्द्वमा संयुक्त राष्ट्रको रिपोर्टमा पनि प्रयोग गरिएको यो सङ्ख्याले हमास अधिकारीबाट प्राप्त डाटाको सत्यता बारेमा थप प्रश्न निम्त्याएको थियो ।

इजरायली विदेश मन्त्री इजरायल काट्जले यो निर्णयले संयुक्त राष्ट्रसँगको इजरायलको सम्बन्धमा असर पार्ने बताउनुभयो। “दशौँ हजार निर्दोषलाई मृत्युदण्ड दिने इरानी राष्ट्रपतिको सम्झनामा एक मिनेट मौनधारण गर्ने गुटेरेसलाई हमासको यौन अपराधर इजरायलको आत्मरक्षाको अधिकारलाई बेवास्ता गर्ने एन्टिसेमेटिक महासचिवको रूपमा इतिहासमा स्मरण गरिनेछ”, उहाँले भन्नुभयो ।“आइडीएफ संसारको सबैभन्दा नैतिक सेना हो र कुनै पनि काल्पनिक प्रतिवेदनल यसलाई परिवर्तन गर्दैन । यो कदमले संयुक्त राष्ट्रसँगको इजरायलको सम्बन्धमा असर पार्नेछ”, उहाँले बताउनुभयो ।


# चीन र पाकिस्तानीबीच सिपेक स्तरोन्नतिको सहमति

एएनआई

इस्लामाबाद ।चिनियाँ राष्ट्रपति सी चिनफिङ र पाकिस्तानका प्रधानमन्त्री शाहबाज सरिफले चिन-पाकिस्तान इकोनोमिक कोरिडोर (सिपेक)को स्तरोन्नति गर्न सहमति भएको छ ।

आम चुनावपछि पाकिस्तानी प्रधानमन्त्री शाहबाज सरिफ र उहाँको प्रतिनिधिमण्डल चीनको भूमिकाका लागि पाकिस्तानको नीतिबारे जानकारी गराउनुभयो ।

उहाँले सिपेकको उच्च गुणस्तरिय विकास र घनिष्ठ समन्वयको माध्यमबाट दुई देशको विकास रणनीतिबीच तालमेललाई बढावा दिन पाकिस्तानको प्रतिबद्धतालाई जोड दिए । प्रधानमन्त्री शाहबाजको राष्ट्रपति सीसँग पदभार सम्हालेपछि भएको यो पहिलो भेट भएको



पाँच दिने भ्रमणमा रहेको अवस्थामा यस्तो सहमती भएको हो। दुई नेताले सिपेकको स्तरोन्नति र मेगा परियोजनाको विकासलाई दोस्रो चरणमा अगाडि बढाउन सहमति जनाएका छन् ।पाकिस्तानका प्रधानमन्त्री शाहबाज सरिफले सिपेकको दोस्रो चरणको उद्घाटन गर्ने सम्भावना रहेको जनाइएको छ।

यद्यपि यो यात्राले सामान्यतया जुनको पहिलो हप्तामा प्रस्तुत हुने वार्षिक सङ्घीय बजेटमा ढिलाइ निम्त्याएको छ भने सरकारको अस्थायी योजनाअनुसार जुन-१२ मा प्रस्तुत हुने अपेक्षा गरिएको छ ।पाकिस्तानी प्रधानमन्त्रीले चिनियाँ राष्ट्रपति सीलाई आर्थिक सुधार, दिगो विकास, औद्योगिक विकास, कृषि आधुनिकीकरण, क्षेत्रीय सम्पर्क र देशको विकासमा सिपेकले खेलेको महत्वपूर्ण थियो ।प्रधानमन्त्री कार्यालयबाट जारी विज्ञप्तिका अनुसार यो भेट दुई देशबिचको घनिष्ठ मित्रता र रणनीतिक सम्बन्धको परम्परागत न्यानो प्रतिबिम्बद्वारा उजागर गरिएको थियो ।

पाकिस्तानी प्रधानमन्त्री सरिफले राष्ट्रपति सीको बेल्ट एण्ड रोड इनिसिएटिभ (बीआरआई) र ग्लोबल डेभलपमेन्ट इनिसिएटिभको प्रशंसा गर्दै बीआरआइको प्रमुख परियोजनाका रूपमा सिपेकले पाकिस्तानको सामाजिक-आर्थिक विकासमा उल्लेखनीय योगदान पुर्याएको कुरामा जोड दिनुभयो । यसैबीच, चिनियाँ नेताले पाकिस्तानमा चिनियाँ परियोजनाको सुरक्षा सुनिश्चित गर्न प्रयास बढाउन शाहबाज सरिफलाई पनि आह्वान गर्नुभयो ।

# खेल पूर्वाधारसम्बन्धी प्रदेश र स्थानीय तहको बजेट कटौती




काठमाण्डु। युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषदबीच बजेट निर्माणमा आवश्यक सहयोग तथा समन्वय नहुँदा खेलकुद पूर्वाधार निर्माणका लागि प्रदेश र स्थानीय तहमा जाने सशर्त अनुदान गुम्न पुगेको छ ।

अर्थ मन्त्रालयद्वारा तोकिएको समयसीमाभित्र योजना छनोट गरी पठाउनुपर्नेमा मन्त्रालय र परिषद्बीचको द्वन्द्वका कारण ती कार्यक्रम प्रभावित भएका हुन् । प्रदेश र स्थानीय तहको खेल पूर्वाधार निर्माणसम्बन्धी सशर्त अनुदान प्रस्ताव गरी अर्थ मन्त्रालय पठाइएकामा बजेट वक्तव्यपछि प्राप्त सूचनामा त्यस शीर्षकमा अनुदान रकम शून्य रहेको भनी लेखीआएको युवा तथा खेलकुद मन्त्रालयका प्रवक्ता शिवप्रसाद रेग्मीले जानकारी दिनुभयो ।

मन्त्रालयले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि खेलकुद पूर्वाधार निर्माण गर्न स्थानीय तहलाई रु ६१ करोड र प्रदेशलाई रु ५० करोड बजेट माग गर्ने निर्णय गरेको थियो । प्रवक्ता रेग्मीले भन्नुभयो, “प्रदेशगतरुपमा राष्ट्रिय खेलकुद प्रतियोगिता हुने भएकाले अहिले नै क्रमिकरुपमा खेल पूर्वाधारमा लगानी नगर्ने हो भने पछि एकै पटक गर्न खोज्दा हतारो हुन्छ। गुणस्तर गुम्न सक्छ।”

न े प ा ल सरकारको प्रदेश-स्थानीय तह समन्वय परिषदको सुझाव साना योजना प्रदेश र स्थानीय तहले आफै छनोट गरुन भनी खेलपूर्वाधार निर्माण गर्न विगतको जस्तै यस पटक पनि मन्त्रालयले बजेटका लागि योजनासहित प्रस्ताव गरेको थियो । ‘एक पालिका, एक खेलकुद’को अवधारणाअनुसार विगत तीन आवदेखि उक्त कार्यक्रमका लागि बजेट विनियोजन हुँदैआएको थियो । थोरै बजेट आउने गरेकाले त्यो कार्यक्रम सबै पालिकामा पुग्न सकेको थिएन । उक्त बजेटबाट सात सय ५३ स्थानीय तहमध्ये विगतमा नसमेटिएका चार सय पालिकालाई सहयोग गर्ने मन्त्रालयको योजना थियो ।

मन्त्रालय र परिषद्बीचको द्वन्द्वले मन्त्रालयगत बजेट प्रविष्ट प्रणालीमा योजना समावेश गर्न ढिलाइ हुँदा त्यो कार्यक्रम प्रभावित भएको हो । मन्त्रालयले यस पटक स्थानीय तहलाई आफै योजना तोक्न दिने र त्यसका लागि कम्तीमा रु १२ लाख ५० हजारभन्दा बढी उपलब्ध गराउने निर्णय गरेको थियो ।मन्त्रालयका योजना शाखा प्रमुख डा गणेशमान गुरुङ भन्नुहुन्छ, “यस पटक त्यो रकम प्राप्त भए खेलकुद पूर्वाधारका लागि सशर्त अनुदान नपाउने कुनै स्थानीय तह हुन्थेनन् ।”रासस

# ‘साहेलका तीन करोड ८० लाख मानिसलाई सुरक्षा आवश्यक छ’

सिन्ह्वा

राष्ट्रसङ्घ । जटिल सङ्कटको सामना गर्दै, सेनेगलदेखि इरिट्रियासम्म फैलिएको अफ्रिकाको साहेल क्षेत्रका तीन करोड ८० लाख मानिसलाई जीवन रक्षार्थ सहायता र सुरक्षा आवश्यक रहेको संयुक्त राष्ट्रका मानवीय सहायताकर्मीहरुले बताएका छन् ।

मानवीय मामिला समन्वयका लागि राष्ट्रसङ्घको कार्यालय (ओसिएचए) ले सन् २०२४ मा साहेलका लागि मानवीय आवश्यकता अवलोकनमा चेतावनी दिँदै मानवीय सङ्कटको प्रकृति, यस क्षेत्रका लागि मानवतावादीको प्रतिक्रियाको आधारमा प्रकाश पार्दै चेतावनी दिएको छ ।रिपोर्टमा चिन्ता जनक क्षेत्रमा लिप्टाको गौरमा क्षेत्र (बुर्किना फासो, माली, नाइजरलाई समेट्ने) र ताल चाड बेसिन (क्यामरुन, चाड, नाइजर र नाइजेरियासहित) गिनीको तटीय देशका खाडी र मौरितानियामा बढ्दो प्रभावहरू महसुस गरिएको छ ।

साहेलमा बढ्दो हिंसा र द्वन्द्वले जीविकोपार्जन खतरामा पारी परिवारलाई आफ्नो घर छोड्न बाध्य पारी आधारभूत सामाजिक सेवाहरूमा पहुँच रोक्ने चेतावनी जारी गरिएको छ। ओसिएचका अनुसार जहाँ २.२ मिलियन बालबालिका विद्यालय बन्द भएकाले शिक्षाको अधिकारबाट वञ्चित छन् भने एक हजार तीन सय स्वास्थ्य केन्द्र बन्द छन् । यस क्षेत्रमा २० लाख शरणार्थी तथा ५.६ मिलियन आन्तरिक विस्थापित व्यक्तिहरू छन्, जसमध्ये धेरैले कठिन जिवन आपन गरिरहेका छन् ।


जुनदेखि अगस्टको मौसममा १६.७ मिलियन मानिसहरूले आफ्नो पेट भर्न सङ्घ गरिरहेको ओसिएइचएले जनाएको छ ।बुर्किना फासो, क्यामरुनको सुदूर उत्तरी क्षेत्र, चाड, माली, नाइजर, नाइजेरियाको अदामावा, बोर्नो र योबे राज्यका २१ मिलियन मानिसको सहयोगको लागि राष्ट्रसङ्घ र साझेदारलाई यस वर्ष ४.७ बिलियन अमेरिकी डलर चाहिनेमा हालसम्म कोषको १६ मात्रै प्राप्त भइसकेको छ ।

# अपोलो-८ अन्तरिक्ष यात्री एन्डर्सको विमान दुर्घटनामा मृत्यु

एएफपी

वासिङ्टन डिसी । ५५ वर्षअघि अन्तरिक्षबाट ऐतिहासिक “अर्थराइज“ फोटो खिच्ने पूर्व अमेरिकी अन्तरिक्ष यात्री विलियम एन्डर्सको शुक्रबार ९० वर्षको उमेरमा विमान दुर्घटनामा मृत्यु भएको उहाँको परिवारले जनाएको छ।

एन्डर्स सानो विमान उडाउँदै गर्दा शुक्रबार बिहान वासिङ्टन राज्यको तटमा दुर्घटनाग्रस्त भएको उनको छोराले अमेरिकी मिडियालाई बताए। विमानमा एन्डर्स एक्लै हुनुहुन्थ्यो ।शेरिफ एरिक पिटरले दुर्घटना क्षेत्रमा खोजी भइरहेको तर अहिलेसम्म शव फेला नपरेको बताउनुभयो ।डिसेम्बर १९६८ मा अपोलो-८ मिसनको सदस्य, एन्डर्स उहाँका समकक्षी फ्रान्क बोर्मन र जेम्स लभेलसँगै चन्द्रमामा पुग्ने पहिलो व्यक्ती मध्ये एक हुनुहुन्थ्यो ।



चन्द्रमाको एउटा कक्षबाट, एन्डर्सले अन्तरिक्षको विशाल अन्धकारको बिरूद्ध चम्किलो निलो पृथ्वीको फोटो खिच्नुभएको थियो । “अर्थराइज“ नामक उक्त तस्बिर प्रमुख ऐतिहासिक छविहरूको राउन्डअपमा सूचीबद्ध गरिएको छ, र लाइफ म्यागजिनको पुस्तक “संसार बदलेको १०० तस्बिर“हरुको सूचीमा समावेश गरिएको थियो।

“सन् १९६८ मा अपोलो-८ को समयमा बिल एन्डर्सले मानवतालाई अन्तरिक्ष यात्रीले दिन सक्ने सबैभन्दा ठुलो उपहार प्रदान गर्नुभएको थियो।“ नासाका प्रमुख बिल नेल्सनले सामाजिक सञ्जाल एक्समार्फत बताउनुभयो ।

सन् १९३३, अक्टोबर १७ मा हङकङमा जन्मिनुभएको एन्डर्सले अन्तरिक्ष यात्रीको रूपमा आफ्नो समयपछि विभिन्न प्रविधि-सम्बन्धित सरकारी पदहरू सम्हाल्नुभयो ।

उहाँ विशेष गरी आणविक नियामक आयोगको पहिलो अध्यक्ष बन्नुभयो र त्यसपछि नर्वेका लागि अमेरिकी राजदूतको रूपमा पनि सेवा गर्नुभएको थियो ।

# राहुल गान्धी भारतको विपक्षी दलका नेता नियुक्त

एएफपी

नयाँदिल्ली ।प्रधानमन्त्री नरेन्द्र मोदीका प्रमुख प्रतिद्वन्द्वी राहुल गान्धीलाई शनिबार संसद्मा भारतको विपक्षीको नेतृत्व गर्न मनोनयन गरिएको छ ।मोदीले पछिल्लो समय आम चुनाव जितेपछि तेस्रो कार्यकालका लागि शपथ लिदै हुनुहन्छ । गान्धीको पार्टीले सत्तारूढ भारतीय जनता पार्टी (भाजपा)लाई बहुमतबाट वञ्चित गरेको थियो, जसले भाजपालाई शासन गर्न गठबन्धन सहयोगीमा भर पर्न बाध्य तुल्यायो ।

गान्धीले विश्लेषकको अपेक्षा र एक्जिट पोललाई बेवास्ता गर्दै आफ्नो पार्टी (कांग्रेस)लाई संसदीय संखया लगभग दोब्बर बनाउन मद्दत गर्दै गर्दाको प्रयासमा एक दशक अघिदेखि मोदी सत्तामा आएपछि सबैभन्दा राम्रो परिणाम हो । शनिबार कांग्रेस नेतृत्वको बैठकमा गान्धीलाई भारतको आधिकारिक विपक्षी नेताको रूपमा चयनको लागि सिफारिस गर्न सर्वसम्मतिले मतदान भएको थियो । यो पद सन् २०१४ देखि खाली रहेको थियो ।



सबै सहभागीले सर्वसम्मतिले प्रस्ताव पारित गरी राहुल गान्धीले संसद्मा विपक्षको नेताको पद लिनुपर्ने र केसी वेणुगोपाललेपार्टी कार्यकारिणीको बैठक पछि पत्रकार सम्मेलनमा बताए ।शनिबार पछि कांग्रेस नेतृत्वको विपक्षी गठबन्धनका दुई सय ३२ विधायकको बैठकमा नामाङ्कन पेस गरिनेछ ।गान्धी दशकौंसम्म भारतीय राजनीतिमा प्रभुत्व जमाउने वंशको वंशज हुनुहुन्छ भने स्वतन्त्रता नेता जवाहरलाल नेहरूबाट सुरु गरेर पूर्वप्रधानमन्त्रीका छोरा र नाति हुन् ।

**Nepal Rastra Bank**
**Janakpur Office**
**Re-Invitation for Sealed Quotation**
**Sealed Quotation No: NRB/JNP/SQ/Goods/01/2080/81**
**Date of Second Publication: 2081/02/27**

| S. N. | Sealed Quotation No. | Goods | Quantity | Cost Estimate with VAT & contingencies (NRs.) | Bid Bond Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1. | NRB/JNP/SQ/ Goods/01/2080/81 | Air Conditioner Inverter Type (2.0 ton) | 5 Units | 10,00,000.00 | 29,000.00 |

1. The Nepal Rastra Bank (NRB), Janakpur Office invites sealed quotations from registered Suppliers for the supply, delivery and installation of above goods.
2. Interested eligible Suppliers may obtain further information and inspect the Sealed Quotation Forms at the office of Nepal Rastra Bank, Janakpur Office, Tel: 041-426628, 041-426498, Email: nrbjnp@nrb.org.np.
3. Sealed Quotation Forms may be purchased from Nepal Rastra Bank, Janakpur Office, Internal Administration Unit, by eligible Suppliers on the submission of a written application copy of company/firm registration certificate, VAT/PAN Registration, Tax Clearance (FY 2079/080), authorized dealer certificate of any brand and upon payment of a non-refundable fee of NRs.1000.00 till 2081/03/02 during office hours deposited in:
   **Bank Name:** Nepal Rastra Bank
   **Account Name:** Profit/Loss Miscellaneous Account,
   **Account Number:** 1600000/030/002/524.
4. Sealed Quotations must be submitted to the above office on or before 12:00 Noon on 2081/03/03. Quotation received after this deadline shall not be accepted.
5. Quotations must be valid for a period of 45 days from the last date of submission of Sealed Quotations and must be accompanied by Cash Security or Bank Guarantee from bank or financial institutions licensed by Nepal Rastra Bank, amounting to NRs. 29,000 which shall be valid for 75 days from the last date of submission of Sealed Quotations.
6. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Sundry Creditors Account No 1609999-011-001-524 at Nepal Rastra Bank, Janakpur Office and the receipt of the deposited amount of cash must be submitted along with the Sealed Quotation.
7. Sealed Quotation shall be opened in the presence of suppliers' authorized representatives who choose to attend at 2:00 PM on 2081/03/03 at the Nepal Rastra Bank, Janakpur Office.
8. If the last date of purchasing and/or submission and opening falls on a public holiday then the next working day shall be considered as the last day.
9. Nepal Rastra Bank reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

# युक्रेनलाई सघाउने अमेरिकी राष्ट्रपतिको प्रतिबद्धता

एएनआई

वासिङ्टन डीसी । अमेरिकी राष्ट्रपति जो बाइडेनले युक्रेनी समकक्षी भोलोदिमिर जेलेन्स्कीसँग नयाँ सैन्य सहायता उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

राष्ट्रपति जेलेन्स्कीसँग आज भएको द्विपक्षीय बैठकमा युक्रेनका लागि नयाँ सहायता प्याकेजको घोषणा गर्दै त्यसलाई यथाशक्य चाँडो उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नुभएको हो ।“हामी हार नमानी उल्लेखनीय रूपमा निरन्तर लडिरहेको युक्रेनको साथमा छौँ”, बाइडेनले युक्रेनी राष्ट्रपतिलाई भन्नुभयो ।



**राष्ट्रपति जेलेन्स्कीसँग आज भएको द्विपक्षीय बैठकमा युक्रेनका लागि नयाँ सहायता प्याकेजको घोषणा गर्दै त्यसलाई यथाशक्य चाँडो उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नुभएको हो ।**

अमेरिकी राष्ट्रपतिले आफूले पारित गर्नुपर्ने विधेयक प्राप्त गर्नमा समस्या सामना गरिरहेको कुरामा जोड दिनुभयो । “सहायताको सन्दर्भमा के पारित हुन गइरहेको छ भन्ने थाहा नदिएकोमा म क्षमाप्राथी छु हाम्रा केही रूढीवादी सदस्यबाट पारित गर्नुपर्ने विधेयक प्राप्त गर्न गाह्रो भइरहको थियो”, उहाँले भन्नुभयो ।बाइडेनले शुक्रबारको सहायतासम्बन्धी घोषणाका साथ युक्रेनलाई थप सहायताबारे पनि घोषणा गर्नुभएको सिएनएनले जनाएको छ ।

“अप्रिलमा सम्झौता भएदेखी मैले महत्त्वपूर्ण सहायता कोषका छ वटा प्याकेज घोषणा गरेको छु। आज म विद्युतीय ग्रिडको पुनःनिर्माण गर्न मद्दत गर्न २२ करोड ५० लाख अमेरिकी डलरको अतिरिक्त प्याकेजमा पनि हस्ताक्षर गर्दैछु”, अमेरिकी राष्ट्रपति बाइडेनले भन्नुभयो ।युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले खुला र समावेशी संवादको आवश्यकतामाथि जोड दिँदै उहाँले विश्व एकताबद्ध हुन र “पूर्ण सद्भाव”मा काम गर्न सक्षम हुनुपर्ने बताउनुभयो ।

# झण्डै चार हजार मेगावाट विद्युत् प्रवाह गर्ने पूर्वाधार तयार

काठमाण्डु । झण्डै चार हजार मेगावाट विद्युत् प्रवाह गर्ने क्षमता भएको चार सय केभी क्षमताको हेटौँडा सबस्टेसन निर्माण सम्पन्न भएको छ । देशभित्रको विद्युत् प्रसारण तथा वितरण प्रणाली सुदृढीकरण तथा विस्तारका लागि मकवानपुरको हेटौँडा उपमहानगरपालिका-११ थानाभञ्याङमा सो सवस्टेशन निर्माण भएको हो। ग्यास इन्सुलेटेड प्रणाली (जिआइएस) प्रविधिमा आधारित स्वचालित नेपालको तेस्रो ठूलो चार सय केभी हेटौँडा सबस्टेसन निर्माण सम्पन्न गरी शुक्रबार साँझदेखि सञ्चालन (चार्ज)मा ल्याइएको छ। यसैगरी, नेपाल-भारत विद्युत् प्रसारण तथा व्यापार आयोजनाबाट थानाभञ्याङमा नै दुई सय २० र एक सय ३२/११ केभी क्षमताका सबस्टेसन निर्माण सम्पन्न गरी शुक्रबार नै चार्ज गरिएको छ।



मुलुकभित्रको पूर्व-पश्चिम विद्युत् आपूर्तिलाई भरपर्दो तथा गुणस्तरीय बनाउन र भारतसँगको विद्युत् व्यापारका लागि निर्माण गरिएको जिआइएस प्रविधियुक्त स्वचालित ढल्केबर मुलुककै पहिलो, इनरुवा दोस्रो र हेटौँडा तेस्रो ठूलो सबस्टेसन हो। हेटौँडा सबस्टेसनको निर्माण सम्पन्न भएसँगै करिब चार हजार मेगावाट विद्युत् प्रवाह गर्नसक्ने पूर्वाधार संरचना तयार भएको छ । हेटौँडा-ढल्केबर-इनरुवा चार सय केभी प्रसारण लाइन आयोजना निर्माण सम्पन्न भएपछि ढल्केबरबाट पूर्व-पश्चिम पनि चार हजार मेगावाट विद्युत् प्रवाह गर्न सकिने हुँदा आन्तरिकरुपमा विद्युत् आपूर्ति थप सुदृढ हुने र भारतसँगको विद्युत् व्यापार थप विस्तार हुनेछ।

आयोजनाअन्तर्गत ढल्केबर-इनरुवा खण्ड निर्माण सम्पन्न हुनै लागेको छ । हेटौँडा-ढल्केबर खण्ड निर्माणाधीन छ । हेटौँडा उपमहानगरपालिकका १५, १६, १७ र ११ नम्बर वडामा स्थानीयको अवरोधका कारण प्रसारण लाइन निर्माण सम्पन्न हुन सकिरहेको छैन । अवरोध नभएका ठाउँमा निर्माण भइरहेको छ । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले हेटौँडा सबस्टेसनबाट स्थानीयरुपमा पनि विद्युत् आपूर्ति गरिने हुँदा हेटौँडा, भरतपुर, सिमरा तथा वीरगञ्ज क्षेत्रको विद्युत् आपूर्तिलाई थप भरपर्दो र गुणस्तरीय बनाउन सहयोग पुग्ने बताउनुभयो।

कार्यकारी निर्देशक घिसिङले भन्नुभयो, “नेपालका मध्य क्षेत्रका नदी करिडोरका जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण ग्रिडमा प्रवाह गरी देशभित्र खपत गरी बचत भएको विद्युत् हेटौँडा-ढल्केबर चार सय केभी प्रसारण लाइनमार्फत भारततर्फ निर्यात गर्न थप सहज हुने छ, सबस्टेसनले हेटौँडाबाट भरतपुर बर्दघाट हुँदै नयाँ बुटवल सबस्टेसनसम्म विद्युत् प्रवाहका लागि सहजता प्रदान गर्नेछ।”

हेटौँडा सबस्टेसनलाई आवश्यकताअनुसार भविष्यमा थप विस्तार गर्दै जान मिल्ने गरी निर्माण गरिएको आयोजना प्रमुख शुक्र देवकोटाले बताउनुभयो । अमेरिकी सहायता परियोजना मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसिसी)बाट नुवाकोटको रातमाटेबाट निर्माण हुने चार सय केभीको डबल सर्किट प्रसारण लाइन हेटौँडा सबस्टेसनमा ल्याएर जोडिनेछ । यसका लागि हेटौँडा सबस्टेसनमा आवश्यक पूर्वाधार संरचना निर्माण गरिसकिएको आयोजना प्रमुख देवकोटाले उल्लेख गर्नुभयो।

राष्ट्रिय विद्युत् विकास दशक कार्यक्रमअन्तर्गत सरकार र प्राधिकरणको संयुक्त लगानीमा हेटौँडा, ढल्केबर इनरुवा चार सय केभी सबस्टेसन विस्तार आयोजना सुरु गरिएको थियो । आयोजनाअन्तर्गतका तीनवटै सबस्टेसन निर्माण सम्पन्न भएका छन् । हेटौँडा सबस्टेसन निर्माणका लागि डिसेम्बर २०१८ ठेक्का सम्झौता गरिएको थियो । सरकार तथा प्राधिकरणको लगानी र विश्वबैंकको सहुलियतपूर्ण ऋणमा नेपाल-भारत विद्युत् प्रसारण तथा व्यापार आयोजनाबाट निर्माण गरिएको दुई सय २०, एक सय ३२ र ११ केभी हेटौँडा सवस्टेसन निर्माणका लागि डिसेम्बर २०१८ मा ठेक्का सम्झौता भएको थियो। सो सबस्टेसनको अनुमानित लागत रु तीन अर्ब रहेको छ।

विश्वव्यापी फैलिएको कोरोना महामारी र त्यसको नियन्त्रण तथा रोकथामका लागि लागू गरिएको बन्दाबन्दीले निर्माण प्रभावित भएको थियो । कोरोना महामारीका कारणले सबस्टेसन जडान हुने विभिन्न उपकरणहरु र प्राविधिक पूर्वनिर्धारित समयमा नै आयोजनास्थलसम्म आई नपुगेको तथा अन्य कारणले आयोजनाको निर्माणमा केही ढिलाइ भएको थियो ।रासस

# धानको उन्नत बीउ उत्पादन गरिँदै

पर्वत । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना बागलुङ एकाइ पर्वतले जिल्लाका पाँच स्थानमा जेठोबुढो धानको बीउ उत्पादन सुरु गरेको छ । एकाइले धान उत्पादनको पकेट क्षेत्रका रुपमा रहेका कुश्मा नगरपालिका-१ पाङ, वडा नं २ खुर्कोट, वडा नं ११ पकुवा, फलेवास नगरपालिका-६ देवीस्थान र बिहादी गाउँपालिका-२ बर्राचौरमा जेठोबुढो जातको उन्नत बीउ उत्पादन गर्न सुरु गरेको हो।

पछिल्लो समय नेपाली भान्छामा जेठोबुढो चामलको माग अत्यधिक बढ्दै गएको छ। स्वदेशमा मात्र नभई विदेशमा रहेका नेपाली रेष्टुरेण्टमा पनि जेठोबुढो चामलको माग बढी हुन थालेकाले बीउ उत्पादन गर्न थालिएको परियोजना बागलुङका प्रमुख नारायण पौडेलले बताउनुभयो। उहाँका अनुसार स्वादिलो, बास्नादार र गुणस्तरको हिसाबले पनि उपयुक्त भएकाले पर्वतमा यसको विस्तारसँगै बीउ उत्पादन गर्न थालिएको हो । विगत पाँच वर्षदेखि व्यावसायिक रुपमा धानखेती हुँदै आए पनि यस वर्ष बीउ उत्पादन गर्न थालिएको परियोजना प्रमुख पौडेलले बताउनुभयो । कार्यालयले खेतमा धानको बीउ उमार्ने, रोप्ने, गोडमेल गर्ने, उत्पादित बीउ छनौट तथा भण्डारणसम्मका काममा प्राविधिक सहयोग गर्ने उहाँले जानकारी दिनुभयो।

बीउ उत्पादनका लागि यस वर्ष परियोजनाले पाँच सय ८० किलो मूल बीउ वितरण गरेको छ। अहिले उमार्न थालिएको मूल बीउबाट जिल्लाको सात सय हेक्टर क्षेत्रफलमा धानखेती गरिने परियोजना प्रमुख पौडेलले जानकारी दिनुभयो । यस वर्ष उत्पादित बीउबाट आगामी वर्ष जिल्लाका साथै अन्य जिल्लामा पनि बिक्री गर्ने उद्देश्यले उत्पादन थालिएको उहाँले बताउनुभयो ।रासस

# मनग्य आम्दानी हुने भएपछि किसान जरबेरा फूलखेतीतर्फ आकर्षित

भक्तपुर । गुन्डुमा जरबेरा फूलखेतीबाट यहाँका किसानले मनग्य आम्दानी गर्न थालेका छन् । सूर्यविनायक नगरपालिका-७ गुण्डु कार्की गाउँमा कुश कार्कीले सुरु गरेको जरबेरा फूलखेतीले यहाँका किसानलाई खेती गर्न आकर्षित बनाएको छ।

‘कट फ्लावर’का रूपमा अत्यधिक प्रयोग गरिने जरबेरा फूलखेती नेपाललगायत विश्वमै उत्पादन हुने गरेको छ । पहेंलो, सुन्तला, गुलाबी, गाढा रातो, बैजनी र सेतो रङमा फूल्ने यो फूलको सौन्दर्यका कारण नै यसलाई विभिन्न किसिमका फूल सजावटमा बढी प्रयोग गर्ने गरिन्छ।



इजरायलबाट नेपाल भित्रिएको जरबेरा फूलखेतीबाट दुई रोपनी जग्गामा वर्षमा रु १० लाखसम्म आम्दानी दिने किसान कार्की बताउनुहुन्छ । दुई रोपनी जग्गामा फूलखेती सुरु गर्नुभएका उहाँले यस वर्षदेखि बागमती प्रदेश सरकारको अनुदानमा थप दुई रोपनीमा फूलखेती विस्तार गर्न उच्च प्रविधिको हरित गृह निर्माण गर्नुभएको छ । जरबेराका पाँच थरिका फूल फुलिरहेको उहाँको बारीमा भारतको पुनेबाट प्रतिबिरुवा रु एक सय १० मा खरिद गरि तीन हजार पाँच सय बिरुवा लगाएकामा हाल तीन हजार एक सय बोटले फूलको उत्पादन दिइरहेको र चार सय बिरुवा मरेको किसान कार्कीले जानकारी दिनुभयो।

एक दिन बिराएर एकपटकमा करिब एक हजार आठ सय फूल टिपेर कालीमाटीमा बिक्री गर्दै आएका उहाँले मौसम हेरेर रु १५ देखि रु ३० मा एउटा फूल बताउनुभयो । यो फूलले चार वर्षसम्म उत्पादन दिने र चार वर्षमा एउटा बोटले दुई हजार एक सय ६० भन्दा बढी फूल उत्पादन हुने जनाउँदै उहाँले दुई रोपनी जग्गामा लगाएको फूलबाट वर्षमा रु १० लाखसम्म आम्दानी हुने बताउनुभयो। सुरुमा रु २० लाख लगानी गरेर टनेल निर्माणदेखि प्रविधि जडान गरी फूलखेती गरेका उहाँले दुई वर्षमा लगानी उठाएर चार वर्षसम्म मुनाफा लिन सकिने र चार वर्षपछि दोस्रो पटक फूल लगाउँदा नयाँ टनेल निर्माण गर्नु नपर्ने भएकाले लागत घट्ने तथा मुनाफा बढ्ने बताउनुभयो।

नगरउपप्रमुख सरिता भट्टराई तिमिल्सिनाले प्रदेश सरकारसँगै नगरपालिकाले पनि नगरपालिकाका बासिन्दालाई व्यावसायिक फूलखेती गर्न अनुदान दिँदै आएको बताउनुभयो । उहाँले कृषि उत्पादनमा बीउ, बिरुवा, प्रविधि र तालिम दिएर किसानलाई तरकारी तथा फूल उत्पादनमा प्रोत्साहन र टनेल निर्माणमा अनुदान दिँदै आएको जानकारी दिनुभयो ।नगरपालिकाका प्रवक्ता एवं वडा नं ७ का वडाध्यक्ष रविन्द्र सापकोटाले विगत छ वर्षदेखि सूर्यविनायकको गुण्डुलाई फूलखेतीको पकेट क्षेत्रका रुपमा घोषणा गर्दै अनुदान दिन सुरु गरेको बताउनुभयो।

उहाँले गुण्डुलाई फूलको राजधानीको नाममा चिनिन थालेको स्मरण गर्दै गुण्डुमा मात्रै एक सयभन्दा बढी घरपरिवारले व्यावसायिक फूलखेती गरेको बताउनुभयो। उहाँले फूलखेती गर्ने किसानलाई सयपत्री फूलमा ७० प्रतिशत अनुदान दिएको बताउनुभयो । गुण्डुका किसानलाई नगरपालिकालको अनुदानमा ५० परिवारलाई ५० हजार बिरुवा शुक्रबार अनुदानमा वितरण गरेको सापकोटाले जानकारी दिनुभयो। गुण्डुबाट मात्रै एक वर्षमा रु १० करोडको फूल बाहिरिने जनाउँदै उहाँले सयपत्री, मखमली र जरबेरा फूलतर्फ यहाँका किसान आकर्षित हुँदा मनग्य आम्दानी गर्न सकेको बताउनुभयो। नगरपालिकाको कृषि शाखाका प्रमुख शान्तला बुढाथोकीले गुण्डुमा मात्रै वडा नं ७ मा कार्कीले र वडा नं ४ मा सम्राट खड्काले जरबेरा फूलको व्यावसायिक खेती सुरु गरेको बताउनुभयो।

प्रदेश सरकारले उच्च प्रविधिको टनेल निर्माणका लागि रु नौ लाख ६० हजारमध्ये रु चार लाख ८० हजार अनुदान दिएको उहाँले बताउनुभयो ।रासस


## शारदा डिस्टिलरी प्रा.लि.

**गोलबजार न.पा.–९ (सिरहा)**

**फोन नं.: ०३३–५५००३५, ५५००२७**

## मूल्य सूची

**प्रकाशित मिति : २०८१।०२।२७**

यस उद्योगबाट उत्पादित ४० यू.पी. र ७० यू.पी. शक्तिको मदिरा आ.व. २०८१/२०८२ सालका लागी मिति २०८१।०२।२७ बाट लागु हुने गरी अर्को मूल्य सुचि प्रकाशित नहुन्जेल सम्म निम्न बमोजिमको मूल्यमा बिक्री वितरण हुने हुदा सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | ब्राण्डको नाम | मि.लि. लिटर | यू.पी. V/V शक्ति | वितरक मुल्य मू.अ.क. समेत Ex factory | वितरक कमिशन मू.अ.क. समेत | डिलर मुल्य मू.अ.क. समेत | डिलर कमिशन मू.अ.क. समेत | थोक मुल्य मू.अ.क. समेत | थोक बिक्रेता कमिशन मू.अ.क. समेत | खुद्रा बिक्रेतामुल्य मू.अ.क. समेत | खुद्रा बिक्रेता कमिशन मू.अ.क. समेत | उपभोक्ता मुल्य मू.अ.क. समेत: प्रति कार्टुन | उपभोक्ता मुल्य मू.अ.क. समेत: प्रति बोतल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Touch gold premium | ७५० ml | ४० up | ८४२९।८० | ४५।२० | ८४७५।०० | १३५।६० | ८६१०।६० | १३५।६० | ८७४६।२० | २५९।९० | ९००६।१० | ७५०।५१ |
| | | ३७५ ml | ४० up | ८४२९।८० | ४५।२० | ८४७५।०० | १३५।६० | ८६१०।६० | १३५।६० | ८७४६।२० | २५९।९० | ९००६।१० | ३७५।२५ |
| | | १८० ml | ४० up | ८५९१।३९ | ४५।२० | ८६३६।५९ | १३५।६० | ८७७२।१९ | १३५।६० | ८९०७।७९ | २५९।९० | ९१६७।६९ | १९०।९९ |
| २ | Tofan ,major,shooter,Gaurav anguri, status,sahila,sharda dhudhiya, r/c premium O/c premium | ७५० ml | ४० up | ८४२९।८० | ४५।२० | ८४७५।०० | १३५।६० | ८६१०।६० | १३५।६० | ८७४६।२० | २५९।९० | ९००६।१० | ७५०।५१ |
| | | ३७५ ml | ४० up | ८४२९।८० | ४५।२० | ८४७५।०० | १३५।६० | ८६१०।६० | १३५।६० | ८७४६।२० | २५९।९० | ९००६।१० | ३७५।२५ |
| | | १८० ml | ४० up | ८५९१।३९ | ४५।२० | ८६३६।५९ | १३५।६० | ८७७२।१९ | १३५।६० | ८९०७।७९ | २५९।९० | ९१६७।६९ | १९०।९९ |
| ३ | Red night premium, Red night extra dry | ७५० ml | ४० up | ८७६७।६७ | ४५।२० | ८८१२।८७ | १३५।६० | ८९४८।४७ | १३५।६० | ९०८४।०७ | २५९।९० | ९३४३।९७ | ७७८।६६ |
| | | ३७५ ml | ४० up | ८७६७।६७ | ४५।२० | ८८१२।८७ | १३५।६० | ८९४८।४७ | १३५।६० | ९०८४।०७ | २५९।९० | ९३४३।९७ | ३८९।३३ |
| | | १८० ml | ४० up | ८८७२।७६ | ४५।२० | ८९१७।९६ | १३५।६० | ९०५३।५६ | १३५।६० | ९१८९।१६ | २५९।९० | ९४४९।०६ | १९६।८६ |
| ४ | Royal touch premium Extra dry | ७५० ml | ४० up | ८७६७।६७ | ४५।२० | ८८१२।८७ | १३५।६० | ८९४८।४७ | १३५।६० | ९०८४।०७ | २५९।९० | ९३४३।९७ | ७७८।६६ |
| | | ३७५ ml | ४० up | ८७६७।६७ | ४५।२० | ८८१२।८७ | १३५।६० | ८९४८।४७ | १३५।६० | ९०८४।०७ | २५९।९० | ९३४३।९७ | ३८९।३३ |
| | | १८० ml | ४० up | ८८७२।७६ | ४५।२० | ८९१७।९६ | १३५।६० | ९०५३।५६ | १३५।६० | ९१८९।१६ | २५९।९० | ९४४९।०६ | १९६।८६ |
| ५ | Royal touch premium | ७५० ml | ४० up | ८७६७।६७ | ४५।२० | ८८१२।८७ | १३५।६० | ८९४८।४७ | १३५।६० | ९०८४।०७ | २५९।९० | ९३४३।९७ | ७७८।६६ |
| | | ३७५ ml | ४० up | ८७६७।६७ | ४५।२० | ८८१२।८७ | १३५।६० | ८९४८।४७ | १३५।६० | ९०८४।०७ | २५९।९० | ९३४३।९७ | ३८९।३३ |
| | | १८० ml | ४० up | ८८७२।७६ | ४५।२० | ८९१७।९६ | १३५।६० | ९०५३।५६ | १३५।६० | ९१८९।१६ | २५९।९० | ९४४९।०६ | १९६।८६ |
| ६ | Gaurav suntala, Gaurav apple | ३०० ml | ७० up | ११८८।७६ | ११।३० | १२००।०६ | ३३।९० | १२३३।९६ | ३३।९० | १२६७।८६ | १३५।६० | १४०३।४६ | ४६।७८ |
| ७ | Gaurav sophi,Gaurav milky dhudhiya | ३०० ml | ७० up | ११५४।८६ | ११।३० | ११६६।१६ | ३३।९० | १२००।०६ | ३३।९० | १२३३।९६ | १३५।६० | १३६९।५६ | ४५।६५ |
| ८ | Mitju sophi | ३०० ml | ७० up | ११५४।८६ | ११।३० | ११६६।१६ | ३३।९० | १२००।०६ | ३३।९० | १२३३।९६ | १३५।६० | १३६९।५६ | ४५।६५ |
| ९ | Mitju special | ३०० ml | ७० up | ११५४।८६ | ११।३० | ११६६।१६ | ३३।९० | १२००।०६ | ३३।९० | १२३३।९६ | १३५।६० | १३६९।५६ | ४५।६५ |
| १० | Gaurav special | ३०० ml | ७० up | ११८३।११ | ११।३० | ११९४।४१ | ३३।९० | १२२८।३१ | ३३।९० | १२६२।२१ | १३५।६० | १३९७।८१ | ४६।५९ |

**नोट**: ढुवानी खर्च वाहेक



## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

## धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

**प्रकाशित मिति: २०८१/०२/२७**

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय बिद्यापति चोक,जनकपुरबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले तपाई ऋणीलाई मिति २०८०/०६/१८ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गने सम्बन्धमा ३५ (पैंतिस) दिने सार्वजनिक सूचना र मिति २०८०/०९/०२ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना प्रकाशित र मिति २०८१/०२/०८ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ८ (आठौं) दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय बिद्यापति चोक,जनकपुरमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

**तपसिल**

**१. कर्जा शिर्षक : अधिविकर्ष कर्जा**
**ऋणीको नाम : सोनी किराना**
रजिष्टर्ड ठेगाना : जनकपुर -१२, धनुषा ।
रजिष्ट्रेशन नं. : ६२३३/५०४/०७०/०७१ (नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य विभाग)
प्यानदर्ता नं. : ६०२३६९८३१

**फर्मको प्रोप्राईटरको नाम र ठेगाना**
नाम : लक्ष्मण प्रसाद साह
बाबु : छोटे साह तेली
बाजे : जुगेश्वर साह
ठेगाना : जनकपुर -०३, धनुषा
हाल : जनकपुरधाम उप.म.न.पा .-०३, धनुषा
ना.प्र.नं. : ३९६९६४९०
जारी मिति : २०६०/११/०४
जि.प्र.का : धनुषा

**जमानीकर्ताहरुको नाम र ठेगाना**
१. नाम : इन्दर देवी साह तेली
ससुरा : जुगेश्वर साह
पति : छोटे साह तेली
बाबु : जैसी साह
ठेगाना : जनकपुर-०३, धनुषा
हाल : जनकपुरधाम उप.म.न.पा.-०३, धनुषा
ना.प्र.नं. : ३९६९१०२९
जारी मिति : २०३७/०३/२३
जि.प्र.का : धनुषा

२. नाम : विजेता कुमारी
ससुरा : छोटे साह तेली
पति : लक्ष्मण प्रसाद साह
बाबु : बली साह
ठेगाना : जनकपुर-०३, धनुषा
हाल : जनकपुरधाम उप.म.न.पा.-०३, धनुषा
ना.प्र.नं. : १७११०२/८३३२
जारी मिति : २०७०/०२/१३
जि.प्र.का : धनुषा

**२. कर्जा शिर्षक : सिटिजन्स मोर्गेज लोन–अधिविकर्ष कर्जा**
**ऋणीको नाम र ठेगाना**
नाम : लक्ष्मण प्रसाद साह
बाबु : छोटे साह तेली
बाजे : जुगेश्वर साह
ठेगाना : जनकपुर -०३, धनुषा
हाल : जनकपुरधाम उप.म.न.पा .-०३, धनुषा
ना.प्र.नं. : ३९६९६४९०
जारी मिति : २०६०/११/०४
जि.प्र.का : धनुषा

**जमानीकर्ताहरुको नाम र ठेगाना**
१. नाम : इन्दर देवी साह तेली
ससुरा : जुगेश्वर साह
पति : छोटे साह तेली
बाबु : जैसी साह
ठेगाना : जनकपुर-०३, धनुषा
हाल : जनकपुरधाम उप.म.न.पा.-०३, धनुषा
ना.प्र.नं. : ३९६९१०२९
जारी मिति : २०३७/०३/२३
जि.प्र.का : धनुषा

२. नाम : विजेता कुमारी
ससुरा : छोटे साह तेली
पति : लक्ष्मण प्रसाद साह
बाबु : बली साह
ठेगाना : जनकपुर-०३, धनुषा
हाल : जनकपुरधाम उप.म.न.पा.-०३, धनुषा
ना.प्र.नं. : १७११०२/८३३२
जारी मिति : २०७०/०२/१३
जि.प्र.का : धनुषा

**माथि उल्लेखित ऋणीहरु लक्ष्मण प्रसाद साह र सोनी किरानाले लिएको ऋण कर्जाको लागि धितो राखिएको सम्पत्तीको विवरण:**

**१. धितो सुरक्षण धनीको नाम : इन्दर देवी साह**

| | |
|---|---|
| सि.नं | १. |
| जिल्ला | धनुषा |
| न.पा./गा.वि.स. | बसहिया |
| वडा नं/नक्सा सिट | ९/९ |
| कि.नं. | २६२६ |
| क्षेत्रफल (विगाहा) | ०-०-१८-१२ |
| कैफियत | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत। |

**२. धितो सुरक्षण धनीको नाम : लक्ष्मण प्रसाद साह**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं/नक्सा सिट नं. | कि.नं. | क्षेत्रफल (विगाहा) | कैफियत |
|---|---|---|---|---|---|
| धनुषा | जनकपुर | १२/ १४३६२२ | ११९ | ०-०-३-० | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत। |
| | | | ११८ | ०-०-५-० | |

माथि उल्लेखित अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत कम्पनीले उठाउन बाँकी सम्पूर्ण रकम कलम (Entire Receivables) सहित ।

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को प्रधान कार्यालय नारायणहिटी पथ, दरबारमार्ग वा शाखा कार्यालय बिद्यापती चोक, जनकपुरमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

**लिलाम खोलिने मिति :- २०८१/०३/०३ गते, सोमबार**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय बिद्यापती चोक, जनकपुर।**

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

# एक घर एक धारा जडान सुरु

टुडे समाचारदाता

जलेश्वर । खानेपानीको अभाव भेल्दै आएको बर्दिबास ८ हात्तीलेटमा ओभरहेड ट्याङ्क निर्माण भएपछि गाउँलेको तिर्खा मेटिने अपेक्षा जागेको छ। संघीय सरकारको तराई मधेश खानेपानी योजनाअन्तर्गत एक करोड ५० लाख अनुदान सहयोगमा ओभरहेड ट्यांक निर्माण भएपछि गाउँमा पानीको आपूर्ति सहज हुने भएको छ।



ओभरहेड, कार्यालय भवन, कम्पाउण वाल र बोरिङ जडान जस्ता आधारभूत कार्य सम्पन्न भई सकेकाले नगरपालिकाको सहयोगमा गाउँमा पाइपलाइन बिछ्याउने र धारा जडान गर्ने काम भइरहेको सतखोली खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले जनाएको छ।

नगरप्रमुख प्रह्लाद क्षेत्रीले पाइपलाइन विस्तारको शनिबार अनुगमन गर्दै खानेपानीको बढ्दो समस्यालाई सम्बोधन गर्न योजनाबद्ध ढङ्गमा संरचना निर्माण अघि बढाइएको बताए।

गर्मी बढेसँगै पानीका मुहानहरू सुक्दै गएको बेला बर्दिबास नगरप्रमुख क्षेत्रीले खानेपानीको आपूर्ति सहज र व्यवस्थित बनाउन नगरपालिका योजनाबद्ध ढङ्गमा अघि बढेको बताए।

उनले नगरपालिकाको 'एक घर एक धारा' को नारालाई मूर्तरूप दिन खाने पानी कार्यक्रमलाई ग्रामीण भेगसम्म विस्तार गरेको दाबी गरे।

खानेपानीको चरम अभाव रहेको हात्तीलेटका ५ सय घरधुरीका लागि प्रदेश सरकारको अनुदानमा नगरपालिकाले खानपानी विस्तारको काम अघि बढाएको छ। सतखोली खानेपानी तथा सरसफाइ उपभोक्ता समितका अध्यक्ष हरि रानाकाअनुसार तत्काल ३ सय ५० परिवारमा असार दोस्रो सातासम्म पानी वितरण गरी सक्ने गरी काम भइरहेको छ। यसका लागि प्रमुख र शाखा गरी साढे ४ किलोमिटर पाइपलाइन विस्तार गर्ने काम सम्पन्न भइसकेको छ। विद्युत् तथा धारा जडानको कामलाई प्राथमिकतासाथ अघि बढाइएको छ। बाकी रहेका घरमा पनि छिट्टै पानी वितरण गरिने उनले बताए।

धारा जडानपछि वडाका साढे दुई हजार जनताको तिर्खा मेट्न सहज हुने वडाध्यक्ष शमशेर सिंह लामाले बताए। यस भेगको भू जलस्तर घट्दै गएकाले गाउँभरका इनार र डीप बोरिङ पनि सुकेपछि हात्तीलेटवासीले खानेपानीको समस्या भेल्दै आएका छन्। प्रदेश र नगरको सहयोगमा ५० घनमिटर क्षमताको ओभरहेड ट्याङ निर्माणपछि गाउँलेको तिर्खा मेटिने अपेक्षा जागेको वडाध्यक्ष लामाले बताए।

लामो समयदेखि गाउँको प्रमुख समस्या बनेको खानेपानीको आपूर्ति सहज हुने भएपछि महिलाहरू सबैभन्दा बढी खुसी भएका छन्। पानीको सतह तल भरेपछि अहिले करिब ७० फिटमुनिको इनारबाट पालो पर्खेर पानी भर्नुपर्ने समस्या छ।

# लोसपाका केस मण्डलद्वारा पार्टी परित्याग

टुडे समाचारदाता

राजविराज। लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) का केन्द्रीय सदस्य गजेन्द्र मण्डलले शनिबार पार्टी परित्याग गरेका छन्।

सप्तरीको राजगढ गाउँपालिका ४ बेल्ही चपेना निवासी ४७ वर्षीय मण्डलले अध्यक्ष महन्थ ठाकुरलाई पठाएको राजिनामा पत्रमा नेतृत्वमाथि मधेशका जनताको भावना अनुसार पार्टी चलाउन नसकेको प्रमुख आरोप लगाएका छन्।



उनले केन्द्रीय समिति विस्तारमा सन्तुलन मिलाउन नसकेको, अधिवेशन गराउन नसकेको, गुटबन्दी र चाप्लुसीको भरमा पार्टी चलेको, जनताको एजेन्डालाई थाम्न नसकेको, गन्तव्यतर्फ अगाडि बढ्न नसकेको, जनताले दिएको अभिमत र समर्थनलाई सत्ता सहभागिताको जोड घटाउमा मात्र प्रयोग गर्ने गरेको तथा संगठन निर्माण र विस्तारका लागि कुनै ठोस योजनाहरू ल्याउन नसकेको लगायतका दर्जनौं आरोप र गुनासा राजीनामा पत्रमा उल्लेख गरेका छन्।

उनले नेतृत्ववर्गको गलत निर्णयहरूका कारण मधेश आन्दोलनका अगुवाहरूमा निराशा छाएको समेत राजीनामा पत्रमा उल्लेख गरेका छन्। २०६४ सालमा तत्कालीन राष्ट्रिय मधेश समाजवादी पार्टीको जिल्ला अध्यक्ष हुँदै केन्द्रीय सहमहासचिव सम्मको जिम्मेवारीमा रहेका उनी पछि ६ दल मिलेर बनेको राजपाको केन्द्रीय सहमहासचिव बनेका थिए।

राजपा र उपेन्द्र यादव नेतृत्वको समाजवादी पार्टीबीच २०७७ वैशाख १० मा एकीकरण भई जनता समाजवादी पार्टी गठन भएपछि उनी केन्द्रीय सदस्य बनेका थिए। जसपा टुक्रिएपछि उनले ठाकुरको नेतृत्वमा बनेको लोसपा रोजेका थिए। मण्डलले आगामी राजनीतिक यात्राको निर्णय सम्पूर्ण साथीभाई, शुभचिन्तक र जनताको सल्लाह सुभावबाट केही दिनभित्रै तय गर्ने जनाएका छन्।

# भ्रष्टाचार नियन्त्रणमा मुख्यमन्त्री सिंहको जोड



टुडे समाचारदाता

राजविराज । मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले भ्रष्टाचार नियन्त्रणलाई प्राथमिकतामा राखेर सरकारले काम गर्ने बताएका छन्।

मुख्यमन्त्री नियुक्त भएको भोलिपल्टै शनिवार गृहजिल्ला सप्तरीमा सञ्चारकर्मीहरुसित कुराकानीका क्रममा उनले यस्तो बताएका छन्।

मधेशमा विगतमा उपभोक्ता समितिका नाममा भ्रष्टाचार बढेको, पैसा खाएर योजना नै बिक्री गर्ने गरिएकोजस्ताविकृतिप्रतिजनगुनासो बढेको भन्दै उनले सरकारले यस प्रकारका अबैध गतिबिधि नियन्त्रणलाई प्राथमिकतामा राखेर काम गर्ने उल्लेख गरे।

प्रदेशमा संस्थागत रुपमा रहेको भ्रष्टाचार नियन्त्रण सरकारको प्रमुख कार्य रहने बताउँदै उनले सरकारको यस अभियानमा सञ्चार क्षेत्र, राजनीतिक दल लगायत सम्बन्धित सबै पक्षको सहयोग आवश्यक रहेको जिकिर गरे।

विगतका कमजोरीलाई मात्र कोट्याएर मधेशमा केही हुन सक्दैन भन्ने नकारात्मक कुरा मात्र प्रवाह गर्ने भन्दा पनि अब नयाँ सोचका साथ सञ्चार क्षेत्रले सकारात्मक कुरालाई पनि जनसमक्ष पुर्याउन जरुरी रहेको भन्दै उनले सकारात्मक सोचका साथ अघि बढ्नमा सञ्चार जगतले पनि भूमिका खेल्न आवश्यक रहेको उल्लेख गरे।

मुख्यमन्त्री र अर्थमन्त्री बाहेक मधेश प्रदेशमा अरु कसैको केही नचल्ने भनि केही महिना अघि पत्रकार सम्मेलनमा बताएका सिंहको भनाइ उल्लेख गर्दै पत्रकारहरुले अहिले फरक दलको अर्थमन्त्री रहेको अवस्थामा कसरी काम गर्नु हुन्छ ? भनि राखिएको जिज्ञासामा उनले अहिले कुनै एक दलको बहुमतको सरकार नरहेको अवस्थामा मिलेर काम गर्नुको विकल्प नरहने भएकाले भ्रष्टाचार नियन्त्रणलाई साभा संकल्पका रुपमा लिएर अघि बढ्न आवश्यक रहेको बताए।

चालु आर्थिक वर्ष समाप्तिको चरणमा रहेकोले सम्पूर्ण क्याबिनेट र सचिव फुल टाईम बसेर बजेट, नीति तथा कार्यक्रम निर्माणमा लाग्ने बताए। उनले मधेश प्रदेशका एक सय ३६ वटै पालिकामा किसानका लागि एक एकवटा विशिष्ठ रुपको कृषि प्याकेजको कार्यक्रम ल्याउने जानकारी दिए।

# फलको राजा आँपको मिथिलामा महत्व

टुडे समाचारदाता

जनकपुरधाम। सम्पूर्ण मिथिलाञ्चलमा फलफूल पर्याप्त मात्रामा पाइन्छ । कुनै यस्तो फलफूल नहोस् जुन यहाँ पाइँदैन। फलफूलको भण्डार नै यहाँ सहज रूपमा उपलब्ध छ। फलको राजा आँप त यहाँको मुख्य उत्पादन नै हो। सम्पूर्ण तराई मधेशमा फलफूलको कुनै अभाव छैन । आँप उत्पादनका लागि यो भूमि उर्वर मानिन्छ। यसका लागि मौसम पनि सर्वथा उपयुक्त नै भन्न सकिन्छ। सुगन्धित र सुस्वादिष्ट फल आँप भएकाले नै यसलाई फलको राजाको नामबाट विभूषित गरिएको छ।



संसारभरि आँप नै यस्तो रसदार फल हो जुन गर्मी हुने देशहरूमा सबैभन्दा लोकप्रिय मानिन्छ। सम्पूर्ण मिथिलाञ्चलमा सदियौँदेखि यसको उत्पादन हुँदै आएको छ। प्राचीन समयमा पनि यसको उत्पादनको पौराणिक प्रमाण पाइन्छ। भनिन्छ, सर्वप्रथम आँपको उत्पत्ति वर्मा (म्यानमार) र छिमेकी मुलुक भारतको अन्डमान द्वीपमा भएको छ । के पनि भनिन्छ भने पाँचौं शताब्दी इसापूर्वमा बौद्ध भिक्षुले आफ्नो साथमा आँप मलेसियामा लगेका थिए । छिमेकी मुलुक भारतमा सर्वाधिक आँप उत्पादन हुन्छ । त्यसपछि छिमेकी मुलुक चीनमा हुन्छ। भारत र चीन आँप उत्पादनका लागि विश्वभर प्रसिद्ध मानिन्छ । पाकिस्तानमा पनि आँप उत्पादन राम्रो मात्रामा हुन्छ । भारत र पाकिस्तानबिच पारस्परिक सम्बन्ध धेरै राम्रो नभए पनि दुवै देशका राष्ट्रपति आँप आदानप्रदान गरेर मित्रताको गाँठो गाढा बनाउन सक्रिय र सजग रहन्छन्।

मिथिलाञ्चलामा त आँपको कोसेली कसिलो सम्बन्धको प्रतीक नै मानिन्छ । विवाह, व्रतबन्ध तथा मधुश्रावणी आदि लोकपर्वका अवसरमा यसको आदानप्रदान आल्हादकारी मानिन्छ । चौठचन्द्र लोकपर्वका अवसरमा त इष्टमित्रलाई निमन्त्रणा गरेर आँप र पुरी स्वरुचि अनुसार खुवाउने परम्परा अभै जीवित छ। मिथिलाञ्चलका गाउँ गाउँमा आँपका बगैंचा छन् । प्राचीनकालमा मानिसहरू धर्म कमाउन पनि आँपको बगैंचा लगाउने गर्थे । गाउँलेहरू आँपको बगैंचामा गएर मनभरि र पेटभरि आँप खाने गर्थे। अहिले यो प्रशंसनीय परम्परा लुप्त हुँदै गएको छ । अचेल नयाँ बगैंचा लगाउने परम्परा दिनानुदिन ह्रास हुँदै गएको छ।

बगैंचामा आगन्तुक गएपछि आँपको आतिथ्यले नै स्वागत सत्कार गर्ने परम्परा 'कमोनेस' अद्यपि जीवित छ। यस आतिथ्यमा आत्मीयता पाइन्छ। यसबाट पारस्परिक भाइचाराको सम्बन्ध सुदृढ हुन्छ। अचेल आँप सीमित क्षेत्रमा घरवरिपरि लगाउने गरिन्छ। पहिला पहिला गाउँबाट धेरै टाढा 'सरेह' मा बगैंचा लगाउने गरिन्थ्यो र रखरखाव पनि सजिलो हुन्थ्यो। अचेल गाउँ नै असुरक्षित ठानिने भएकाले गाउँबाट टाढा 'सरेह' मा आँप लगाउनु सुरक्षित मानिँदैन। सबैभन्दा ठूलो समस्या रखवालीको हो। अतः यसको उत्पादनमा पनि क्रमशः ह्रास हुन थालेको पाइन्छ। मिथिलाञ्चलभरिमा सिराहा जिल्ला आँपका लागि प्रसिद्ध मानिन्छ। यहाँ अभै पनि प्रशस्त मात्रामा आँप लगाइएको पाइन्छ। मिथिलाञ्चलको प्राचीन राजधानी र अचेल मधेश प्रदेशको राजधानी जनकपुरमा ' तिरहुतिया गाछी' र मणिमण्डप आँपको प्रसिद्ध बगैंचा मानिन्थ्यो । तिरहुतिया गाछी त सहरभित्र अवस्थित भएकाले यसको अस्तित्व नै हराइसकेको छ । आँपको बगैंचा प्राचीन सम्पदामा महत्वपूर्ण मानिन्छ । गर्मीयाममा दिउँसो मानिसहरू यहाँ आराम गरी प्रशस्त अक्सिजन लिने गर्छन्।

> आँप स्वास्थ्यवर्धक हुन्छ । यसमा लौह तत्व र विभिन्न भिटामिन सहज र सरल ढङ्गमा उपलब्ध भएको हुन्छ । रक्तहीनताको स्थितिमा रक्तपूर्तिका लागि यसको प्रयोग गरिन्छ । यसमा पौष्टिक तत्व भरपूर मात्रामा पाइन्छ । गर्भवती महिलाका लागि रक्तपूर्तिको सर्वोत्तम साधन हो आँप ।

मित्रराष्ट्र थाइल्यान्डका पूर्वराजा भूमिबल अब्दुल्यादेजले त जनकपुरस्थित दुई आँपका रुख पत्ता लगाउन आफ्नी राजकुमारीलाई नै पठाएका थिए। उनले आफ्नो पुस्तक 'महाजनकको कथा' मा यो प्रसङ्ग उल्लेख गरेका छन् । महात्मा गौतम बुद्धले जनकपुरधाम प्रवासकालमा तिरहुतिया गाछीमै आश्रय लिएका थिए । प्रत्येक रुखबिरुवासँग उनको अटुट, अनन्य र अप्रतिम सम्बन्ध थियो । विशेष गरेर आँपको रुख उनलाई खुब मन पर्थ्यो। आँप अत्यन्त शुद्ध मानिन्छ। यसको फल मात्रै होइन, पात पनि पवित्र मानिन्छ। यसको जरा र डाँठ पनि शुद्ध मानिन्छ। प्रत्येक यज्ञादिमा आँपको कलश राखिने लामो परम्परा छ र अद्यापि मिथिलाञ्चलमा कुनै यज्ञ जप हुँदा आँपको कलश राखिन्छ। यसबाट वातावरण शुद्ध भई पर्यावरण पनि प्रदूषित हुनबाट जोगिन्छ।

### आँपका विभिन्न नाम

सेनरिया (सिन्दूर रङको), दसहरी, चौसा, लखनउआ, मालदह, बम्बइया, लटकामपुर, सकेरा, नकुअवा, जर्दा, सुकुल, सिपिया, केरबा, कोदइया, लडुअवा, बरमासिया र लङ्गडा । लङ्गडा आँपको अनुवाद विश्वको कुनै पनि भाषामा हुन सक्दैन । रसपुरी, नीलम, मालिका आदि प्रमुख छन्। आँपबाट विभिन्न किसिमका खाद्य पदार्थ बनाइन्छ।

पाकेको आँपबाट अमरस बनाइन्छ जुन आँपको समय समाप्त भएपछि खानामा प्रयोग गरिन्छ । आँपको अचार त सबै अचारभन्दा मिठो मानिन्छ। आँपको खट्टाइ र चटनी त भन् चर्चित छ । मित्रराष्ट्रमा आँपबाट 'आँम श्रीखण्ड' बनाइन्छ जुन अत्यन्त स्वादिष्ट मानिन्छ। आँपको मुरब्बा मिठो हुन्छ। आलसको तेलमा पकाइएको आँपको तरकारी अत्यन्त स्वादिष्ट हुन्छ। अचेल आँपको जुसका साथै यसको सस पनि तयार गरिन्छ। स्वाद बढाउन चामलको बिरयानीमा पनि आँप प्रयोग गरिन्छ । आँपको पराठा पनि अचेल प्रचलित छ।

विश्वका विभिन्न देशमा आँपको प्रयोग आफ्नो स्वाद र सन्तुष्टिका लागि गर्ने गरिन्छ। स्यान्डविच र ब्रेडको साथमा पनि पाकेको आँपको स्लाइस खाने प्रचलन बढ्दै गएको छ। पाँचतारे होटलमा आँपको स्पेसल आइटम उच्चदरमा खुवाउने गरिन्छ । काठमाडौंमा आयोजित पार्टीमा आँपको टुकडा अरू आइटमका साथ प्रयोग गरिन्छ र यसलाई चम्चाबाट खाने गरिन्छ । आँप पूरा खानाका रूपमा खाने प्रचलन पनि छ। आँपको मौसम जेठदेखि भदौसम्म रहन्छ। भदौमा पाक्ने आँपलाई 'भदैया' भनिन्छ भने बाह्रै महिना फल्ने आँपलाई 'बरमसिया' भनिन्छ।

### स्वास्थ्यका लागि आँप

आँप स्वास्थ्यवर्धक हुन्छ । यसमा लौह तत्व र विभिन्न भिटामिन सहज र सरल ढङ्गमा उपलब्ध भएको हुन्छ । रक्तहीनताको स्थितिमा रक्तपूर्तिका लागि यसको प्रयोग गरिन्छ। यसमा पौष्टिक तत्व भरपूर मात्रामा पाइन्छ। गर्भवती महिलाका लागि रक्तपूर्तिको सर्वोत्तम साधन हो आँप । यसले कतिपय रोगसित लड्ने क्षमता प्रदान गर्छ। यसले भोक पनि बढाउने गर्छ । चर्मरोगमा पनि उपयोगी आँपले अनुहार चम्किलो बनाई छाला कोमल बनाउँछ । यसमा उपलब्ध 'सेलेनियम' हृदयरोगमा फाइदाजनक मानिन्छ । आँप खानाले आँखाको रोशनी पनि बढ्ने गर्छ।

# जोखिममा रहेका बस्तीमै पुगेर अभ्यास र सचेतना

टुडे समाचारदाता

राजविराज। यस वर्षको मनसुन नजिकिएको छ । यसैबेला विशेष गरी चुरे क्षत्र हुँदै सप्तरीको रुपनी गाउँपालिका, महादेवा गाउँपालिका, राजविराज नगरपालिका र तिलाठी कोलाडी गाउँपालिका भएर बग्ने खाडो नदीले व्यापक जनधनको क्षति गर्ने गरेको छ।



यस वर्षको मनसुन जन्य विपदबाट उल्लेखित पालिकाहरूमा फेरि पनि जनधनको क्षति हुने आकलन गर्दै यहाँ सम्भावित जोखिममा रहेका बस्तीहरूमै पुगेर अभ्यास मार्फत सचेतना कार्यक्रम थालिएको छ।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसीमोड)को सहयोग, नेपाली सेनाको वरख गणको समन्वय तथा सवल नेपाल राजविराजको आयोजनामा हाइग्रिड परियोजना अन्तर्गत चार दिने समुदायमा आधारित विपद व्यवस्थापन, विपद प्रतिकार्य तथा बाढीपूर्व सूचना प्रणालीको दिगोपना सम्बन्धी सचेतनामूलक तालिमसहित बाढीको उच्च जोखिममा रहेका बस्तीहरूमा पूर्व तयारी स्वरूप स्थानीय समेतलाई सहभागी गराई सेनाद्वारा विपद व्यवस्थापन सम्बन्धी अभ्यास थालिएको छ।

यसै क्रममा शनिबार तिलाठी कोइलाडी गाउँपालिकाको सकरपुरामा बाढी आउनु पूर्व अपनाउनुपर्ने उपाय र बाढी आइसकेपछि डुबानमा परेकाको खोज र उद्धार, पुर्नस्थापना, घाइतेको उपचार, सरसफाई, सुरक्षित स्थानमा पुर्याउने र प्रतिकार्य लगायतका कार्य सम्बन्धी काल्पनिक परिस्थिति अनुसारको अभ्यास सिकाइएको छ। उक्त अभ्यासमा तालिम प्राप्त सेनाका विपत विज्ञहरुले बाढीका बेला हुने गरेको क्षति न्यूनीकरण गर्न अपनाउनुपर्ने तत्कालीन र दीर्घकालीन उपायबारे अभ्यास मार्फत स्थानीयलाई प्रशिक्षण दिएको सहयोगी संस्था इसीमोडका प्रतिनिधि प्रदिप डंगोलले बताए।

अभ्यासमा विपतका बेला प्रयोग गरिने ट्युब वाटर हेल्मेट, डुङ्गा, डोरी, माइक, साइरन, प्राथमिक उपचार लगायतका सामग्री प्रयोग गरी स्थानीयलाई आवश्यक ज्ञान र जानकारी प्रदान गरिएको सबल नेपालका सिनियर म्यानेजर अशोक शाहले बताए। उनले बाढीको उच्च जोखिममा रहेका बस्तीको पहिचान गरी उक्त क्षेत्रमा जनधनको क्षति न्यूनीकरण गर्ने उद्धेश्यले यस्तो कार्यक्रमको आयोजना गरिएको बताए। विपदको पूर्व तयारी र विपदका समयमा गरिनुपर्ने उद्धार र राहतको सचेतना र सांकेतिक अभ्यासले विपदको जोखिम न्यूनीकरणमा सहयोग पुर्याउने उनको कथन छ।

मंगलबारदेखि सुरु भएको उक्त कार्यक्रम शनिबार सम्पन्न भएको छ। हाल सो कार्यक्रम सकिएपनि आगामी दिनमा आवश्यकता अनुसार जिल्लाको थपपालिकामा सञ्चालन हुने कार्यक्रम आयोजक सवल नेपालले जनाएको छ।

सप्तरी बाढीका लागि जोखिमयुक्त जिल्लामा पर्ने भएकाले जोखिममा रहेका बस्तीमा पुगेर गरिएको सचेतना अभ्यास र उदारकला प्रदर्शनले बाढीका समयमा मानवीय र भौतिक क्षति न्यूनीकरणमा सहयोग पुग्ने विश्वास गरिएको छ।

आवश्यकता

विगत ६ वर्षदेखि होस्पिटालिटीको क्षेत्रमा काम गर्दै आएको आर.के.ग्रुपको जनकपुरधाम-०९ स्थित आर.के.होस्पिटालिटीमा रोजगारीको सूनौलो अवसर

| पद | संख्या | योग्यता | पारिश्रमिक |
|---|---|---|---|
| Account Executive | १ | सम्बन्धित विषयमा स्नातक वा सो सरह उत्तिर्ण | संस्थाको नियम अनुसार। (योग्य आवेदकलाई पारिश्रमिकको कुनै सीमा नरहेको) |
| Marketing Executive | १ | | |
| Store Keeper | १ | | |

सम्पर्क व्यक्ति : राघवेन्द्र कुमार झा
सम्पर्क नम्बर : ९८५११३३९००

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८